भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

वर्ष : २६ ★ अङ्क : ७६ ★ ने. सं. ११४४ चिल्ला गा, औँसी ★ सोमबार ★ २६ चैत, २०८० ★ April 8, 2024, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि
जगाती-७, भक्तपुर, फोन नं.०१-६६११२००

कर्मचारी आवश्यकता

यस सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि. को लागि कर्मचारी आवश्यक भएकोले निम्नलिखित योग्यता भएका इच्छुक महानुभावहरूले संस्थामा आवेदन दिनुहुन सादर अनुरोध गर्दछ ।

| क्र.सं | पद | सङ्ख्या | शैक्षिक योग्यता | तलब |
| --- | --- | --- | --- | --- |
| १ | बजार प्रतिनिधि | १ | +२ | संस्थाको नियमअनुसार |

नोट :
आवेदन दिन आउँदा बायोडाटा,हालसालै खिचेको पासपोर्ट साइजको फोटो, नागरिकताको शैक्षिक योग्यताको प्रमाणपत्रको फोटो कपी अनिवार्यरूपमा लिएर आउनुहोला । सवारी अनुमतिपत्र भएकालाई विशेष प्राथमिकता दिइनेछ । आवेदकलाई अन्तर्वार्ताबाट छनोट गरिने छ ।

पदपूर्ति उपसमिति : सुकुन्दा साकोस

## ल्याटिन अमेरिकी देशहरूद्वारा मेक्सिकाली दूतावासमाथि आक्रमणको निन्दा

काराकस, ७ अप्रिल ( सीआरआई) । इक्वेडोरको राजधानी क्विटोमा रहेको मेक्सिकोको दूतावासमा भएको हिंसात्मक आक्रमणको ल्याटिन अमेरिकी देशहरूले अविलम्ब निन्दा गरेका छन् ।

ब्राजिल सरकारले कूटनीतिक मुख्यालयमा प्रहरी घुसपैठको 'कडा



पूर्वउपराष्ट्रपति जर्ज ग्लास



शब्दमा' निन्दा गरेको छ । ब्राजिलको विदेश मामिला मन्त्रालयले भन्यो, "इक्वेडोर सरकारको उपाय एक गम्भीर उदाहरण हो, जसलाई कडाइका साथ अस्वीकार गरिनुपर्छ, यसको कार्यान्वयनको औचित्य जस्तोसुकै तर्कले पनि सही साबित गर्न सकिँदैन ।"

क्युवाका राष्ट्रपति मिगुएल डियाज-क्यानेलले मेक्सिको सरकारसँग ऐक्यबद्धता व्यक्त गर्नुभयो । "क्विटोमा रहेको दूतावासको अस्वीकार्य अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घनको सामनामा मेक्सिकोसँग हाम्रो पूर्ण ऐक्यबद्धता छ", डियाज-क्यानेलले सामाजिक सञ्जाल एक्समा लेख्नुभयो । उहाँले भन्नुभयो, "कूटनीतिक सम्बन्धमा भियना महासन्धिअनुसार सबै देशको सम्मान हुनुपर्छ ।"

बोलिभियाका राष्ट्रपति लुइस आर्सेले पनि उक्त घटनाको निन्दा गर्नुभयो र त्यस कार्यलाई 'अस्वीकार्य' भनेर वर्णन गर्नुभयो । आफ्नो सामाजिक सञ्जाल एक्सको खातामा आर्सेले भन्नुभयो, "बोलिभिया कूटनीतिक सम्बन्धलाई नियन्त्रित गर्ने नियमहरूको सम्मान गर्दै क्विटोमा मेक्सिकन दूतावासमा इक्वेडोर पुलिसको घुसपैठको कडा निन्दा गर्दछ । यो घटना अन्तर्राष्ट्रिय कानुनको इतिहासमा अभूतपूर्व उल्लङ्घन हो ।"

चिली सरकारले पनि शनिबार 'यसको कडा निन्दा' व्यक्त गर्‍यो र 'शरणको अधिकारको उल्लङ्घनको बारेमा गहिरो चिन्ता' व्यक्त गर्‍यो । चिलीको परराष्ट्र मन्त्रालयले इक्वेडोरमा रहेको मेक्सिकोको दूतावासका सबै कूटनीतिक कर्मचारीहरूलाई आफ्नो ऐक्यबद्धता व्यक्त गरेको छ र चिलीसँग घनिष्ठ सम्बन्ध र ऐतिहासिक मित्रता कायम राख्ने भगिनी राष्ट्रहरू बिचको यो घटना कहिले समाधान हुन्छ भनेर प्रश्न गरेको छ ।

इक्वेडोरको प्रहरीले शुक्रबार राति क्विटोको मेक्सिकन दूतावासमा जबरजस्ती घुसपैठ गरेको थियो र इक्वेडरका पूर्वउपराष्ट्रपति तथा नागरिक आन्दोलन पार्टीका नेता जर्ज ग्लासलाई मेक्सिको सरकारले राजनीतिक शरण दिएको केही घण्टापछि नै पक्राउ गरेको थियो ।

**अल्बा-टीसीपीद्वारा क्विटोमा मेक्सिकन दूतावासमा भएको आक्रमणको निन्दा**

बोलिभारियन एलायन्स फर द पिपल्स अफ आवर अमेरिका अल्बा-टीसीपीले शनिबार पूर्वउपराष्ट्रपति जर्ज ग्लासलाई जबरजस्ती पक्राउ गर्न क्विटोको मेक्सिकोको दूतावासमा शुक्रबार राति इक्वेडरको राष्ट्रिय पुलिसले गरेको हस्तक्षेपको निन्दा गरेको छ ।

*बाँकी पृष्ठ ८ मा*

## जनताको सांस्कृतिक स्तर उच्च बनाउनुपर्नेमा जोड

भक्तपुर, २५ चैत । चाँगुनारायण नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा वडाव्यापी खुला धिमे बाजा प्रतियोगिता शनिबार सम्पन्न भयो ।

प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभा सदस्य प्रेम सुवालले सांस्कृतिक स्तर उच्च बनाउन विद्यालय शिक्षा अनिवार्य तथा निःशुल्क तथा विश्वविद्यालय शिक्षा निःशुल्क हुनुपर्ने उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री, मन्त्री र उच्च अधिकारीहरूले देश र जनतालाई 'ईश्वर' ठान्नुपर्ने, देश र जनताको सेवा नै 'धर्म' सम्झनुपर्नेमा जोड दिँदै सांसद सुवालले भक्तपुर नगरपालिकाले ख्वप शैक्षिक संस्थाहरू सञ्चालन गरी ७७ जिल्लाका विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गरिरहेको र ख्वप विश्वविद्यालय सञ्चालन गरी चिकित्सा शिक्षासमेत दिने तयारी भएको बताउनुभयो ।

सांसद सुवालले सिद्धान्तहीन चुनावी र सत्ता गठबन्धनको कारण ३५ वर्षमा सिंहदरबार भ्रष्टाचारको अखडा बनाएको उल्लेख गर्दै सांसद सुवालले वाइडबडी, एनसेल, टेरामक्स, ओम्नीलगायतका भ्रष्टाचारको काण्ड भएको औँल्याउनुभयो ।

देशको सन्तुलित विकासको लागि आ-आफ्नो जिल्लाभित्र मात्र बसाइँसराइ हुने बन्दोबस्त हुनु आवश्यक भएको औँल्याउँदै सांसद सुवालले काठमाडौँ उपत्यकावासी प्रदूषणकै कारण फोक्सो, मुटु, क्यान्सर, मृगौलालगायत रोगको सिकार हुने खतरा बढेको तर्फ सचेत गराउनु भयो ।

सांसद सुवालले भन्नुभयो, "नेपाल वायु सेवा निगमले कर्मचारी कल्याण कोष र नागरिक लगानी कोषको ऋण लिई २४ अर्ब रूपियाँमा दुई ओटा वाइडबडी जहाज किनेको बेला सुरूमा ८ अर्ब रूपियाँ भ्रष्टाचार भएको समाचार थियो । संसद्को सार्वजनिक लेखा समितिले साढे चार अर्ब रूपियाँ भ्रष्टाचार भएको ठहर गर्‍यो । हालै अख्तियारले पूर्वमन्त्रीसहित ३२ जना नेपाली अधिकारी र ८ जना विदेशी दलालविरूद्ध १ अर्ब ३७ करोड रूपैयाँ भ्रष्टाचार भएको ठहर गरी मुद्दा चलाएको छ । निगमले विदेशीसँग सस्तो ऋण ल्याएर हवाइजहाज खरिद गर्ने तयारी गरेको अर्को आत्मघाती हुनेछ ।"

मेलम्ची खानेपानीको लागि एसियाली विकास बैङ्कबाट ६३ अर्ब ऋण ल्याएको सरकारले मुहानको बाँध पहिरोमा पुरिएको हुँदा नयाँ बाँध बनाउन थप ५ अर्ब त्यसैसँग ऋण ल्याउने तयारी गरेको उल्लेख गर्दै सांसद सुवालले देशको

*बाँकी पृष्ठ ८ मा*

## भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर

काठमाडौँ, २५ चैत । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लुम्बिनी विकास कोषका योजना प्रमुख इन्जिनियर सरोज भट्टराईविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार भट्टराईले घुसबापत भक्तपुरको जग्गा खरिद गर्नको लागि निर्माण व्यवसायीसँग रु. ८० लाख घुस मागेको र सो रकम जग्गा बिक्रेताको खातामा जम्मा गर्न लगाएको पाइएको छ । आयोगले प्रमुख इन्जिनियर सरोजले आमा जनकनन्दनी भट्टराईको नाममा जग्गा खरिद गरेको आरोप लगाएको छ ।

आयोगले छोरा सरोज र आमा जनकनन्दनी भट्टराई दुवैलाई आरोप लगाउँदै आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको हो । आरोपी दुवैलाई बिगोबमोजिम कारबाहीको माग गरेको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो । रासस

### कार्टुन




## प्रवेश परीक्षा तयारी कक्षासम्बन्धी सूचना

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहु-प्राविधिक अध्ययन संस्थानमा आउँदो शैक्षिक सत्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट सञ्चालन हुने प्रवेश परीक्षामा सामेल हुन चाहने SLC उत्तीर्ण तथा SEE परीक्षामा सामेल भएका विद्यार्थीहरूको लागि २०८१ वैशाख २ गतेदेखि बिहानी सत्र (बिहान ६:३० बजेदेखि ९:३० बजेसम्म) मा तयारी कक्षा सञ्चालन हुने भएकोले इच्छुक विद्यार्थीहरूलाई संस्थानमा यथाशीघ्र नाम दर्ताको लागि सूचित गरिन्छ ।

१) आवेदन फाराम शुल्क रु. ५०।-
२) तयारी कक्षा शुल्क रु. ७,०००।-

*(विषयसँग सम्बन्धित पठन सामग्री निःशुल्क उपलब्ध गराइनेछ ।)*

विस्तृत जानकारीको लागि
ख्वप बहु-प्राविधिक अध्ययन संस्थान
च्याम्हासिंह-९, भक्तपुर, फोन नं. ६६१३१४६, ६६१९५८५

## भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

### बिस्का जात्रा शान्तिपूर्ण र मर्यादित रूपमा मनाउनुहुन अनुरोध

विश्व प्रसिद्ध बिस्का जात्रा ऐतिहासिक एवम् सांस्कृतिक नगर भक्तपुरको गौरव हो । आठ रात नौ दिनसम्म भक्तपुरका टोल टोलमा भव्यताका साथ मनाउने बिस्का जात्रा यस वर्ष २०८० चैत २७ गते सुरु भई २०८१ वैशाख ५ गते सम्पन्न हुन्छ । प्रसिद्ध बिस्का जात्रा र नयाँ वर्षको अवसरमा सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

भैलख तान्ने, ल्योसिंद्यो उठाउने र ढाल्ने, द्यो स्वगं दिने र टोल टोलका विभिन्न देवीदेवताहरूको जात्रा सञ्चालन हुने बिस्का जात्रा भक्तपुरको अत्यन्त महत्त्वपूर्ण धार्मिक एवम् सांस्कृतिक जात्रा हो ।
आजको सञ्चार र प्रविधिको युगमा संसारको कुनै पनि ठाउँको जात्रा, पर्व, कार्यक्रम र गतिविधि संसारको अर्को कुनै पनि ठाउँबाट प्रत्यक्ष अवलोकन गर्न सकिन्छ । भक्तपुरको बिस्का जात्रा पनि विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रसारण हुने विश्व प्रसिद्ध जात्रा हो । भक्तपुरको पहिचान र गरिमासँग जोडिएको बिस्का जात्रा शान्तिपूर्ण र मर्यादितरूपमा मनाउनु हामी सबैको साझा कर्तव्य हो ।

तसर्थ, ऐतिहासिक एवम् सांस्कृतिक बिस्का जात्रा व्यवस्थित, शान्तिपूर्ण र मर्यादितरूपमा सम्पन्न गर्न नगरका मूल सडक र चोकहरूमा निर्माण सामग्रीलगायतका विभिन्न सामानहरू नराख्नु हुन, समयमै जात्रा सुरु र समापन गर्नुहुन, भैलखमा अनावश्यक र अनधिकृत व्यक्ति नचढ्नुहुन, जात्रा हुने स्थानमा सवारी पार्किङ र सडक पसल नराख्नु हुन, मादक पदार्थ सेवन गरी अभद्र व्यवहार नगर्नुहुन, जात्राको समयमा पुरानो नगर क्षेत्रमा सवारी साधन नचलाउनुहुन सम्पूर्ण नगरवासी दाजुभाइ, दिदीबहिनी तथा जात्रालुहरूमा हार्दिक अनुरोध गर्दछौँ ।

बिस्का जात्रा शान्तिपूर्ण र मर्यादितरूपमा मनाउन निम्न मिति, समय र स्थानबाट सुरुहुने सद्भाव र्‍याली र सद्भाव सभामा उपस्थितिको लागि सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक अनुरोध गर्दछौँ ।

मिति : २०८० चैत २७ गते, मङ्गलबार
र्‍याली सुरु हुने समय : बिहान ७:०० बजे
र्‍याली सुरु हुने स्थान : भ.न.पा. ९ दत्तात्रय र भ.न.पा १ इनाग
सद्भाव सभा हुने स्थान : भ.न.पा ५, टौमढी




प्रभात इङ्गलिस सेकेन्डरी स्कूलको ४२ औँ स्थापना दिवस अवसरमा शनिबार विद्यालयका बालबालिकाहरूद्वारा प्रस्तुत नृत्य ।

*तस्बिर: मजदुर दैनिक*

# विश्व स्वास्थ्य दिवस : सरोकारवालालाई सहकार्य गर्न अनुरोध

काठमाडौँ, २५ चैत । विश्व स्वास्थ्य दिवसका अवसरमा स्वास्थ्य सेवा विभागले सरोकारवाला पक्षलाई सहकार्य गर्न अनुरोध गरेको छ । दिवसको अवसरमा विभागले आइतबार विज्ञप्ति जारी गरी सरोकारवालालाई सहकार्यको अनुरोध गरेको हो ।

विभागद्वारा जारी विज्ञप्तिमा स्वास्थ्य एक बहुआयामिक विकासको मुद्दा भएको र बहुपक्षीय, बहुक्षेत्रीय सहकार्यबाट मात्र स्वास्थ्यसम्बन्धी नागरिकका अधिकार सुनिश्चित गर्न सकिने जनाएको छ ।

"स्वास्थ्य क्षेत्रका सबै सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय दातृ संस्था, गैरसरकारी सङ्घ, संस्था, निजी क्षेत्रहरू सबैले पहल लिन, पैरवी गर्न र थप सहकार्य जरुरी रहेको छ", विज्ञप्तिमा उल्लेख गरिएको छ ।

हाल विश्वव्यापीरूपमा विभिन्न रोग, महामारीका कारण चुनौती थपिएको उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ, "जलवायु परिवर्तन र प्रदूषणजस्ता वातावरणीय समस्याले सफा हावामा श्वासप्रश्वास लिन पाउने अधिकारबाट वञ्चित हुनुपरेको छ भने खाद्य सुरक्षा, खानेपानी, सरसफाइ र समग्र वातावरणमा प्रतिकूल असर परिरहेको छ । घरभित्र र बाहिरको प्रदूषणले प्रत्येक पाँच सेकेन्डमा एक जनाको ज्यान गइरहेको छ ।"

स्वास्थ्यसम्बन्धी अधिकार सुनिश्चित गर्न स्वास्थ्य सेवाको पहुँच पु¥याउने, मानसिक स्वास्थ्य तथा आरोग्यको सुदृढीकरण गर्ने विभागले जनाएको छ । विज्ञप्तिमा शिक्षा सूचनाका साथै सफा खानेपानी, स्वच्छ हावा, पोषण, गुणस्तरीय आवास, समताको सम्बोधन तथा विभेदबाट छुटकाराको विषयमा सचेतना तथा पैरवी गर्नुपर्ने आवश्यकता औँल्याइएको छ ।

संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्करूपमा प्राप्त हुने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने, स्वास्थ्य उपचारसम्बन्धी सूचना र उपचार सेवामा समान पहुँचको हक प्रत्याभूति गरेको छ ।

संवैधानिक तथा कानुनी व्यवस्था कार्यान्वयनका लागि सङ्घीय संरचनाअनुरुप स्वास्थ्य नीति, ऐन, नियमावली, रणनीति तथा योजना तर्जुमा भई कार्यान्वयन भइरहेको विभागले जनाएको छ ।

स्वास्थ्य सेवाको पहुँचका लागि स्वास्थ्य क्षेत्रमा विभिन्न कार्यक्रम कार्यान्वयन गरिएको र स्वास्थ्य बीमा कार्यक्रम सबै जिल्लामा विस्तार गरिएको विभागको भनाइ छ । सरकारले सबै वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा पालिकास्तरमा आधारभूत अस्पताल स्थापना तथा सञ्चालन गर्ने नीति लिएको विज्ञप्तिमा उल्लेख छ ।

सरकारले निःशुल्क स्वास्थ्य कार्यक्रम, आमा सुरक्षा तथा नवशिशु कार्यक्रम, जोखिममा रहेका गर्भवतीलाई एयर एम्बुलेन्स सेवा, ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम, ज्येष्ठ नागरिक स्वास्थ्य बीमा, विपन्नलाई आठ जटिल प्रकारका रोगको उपचारमा सहुलियत, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र लगायतका कार्यक्रम गरिरहेको छ । नसर्ने रोग नियन्त्रण गर्न ७७ जिल्लामा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिरहेको छ ।

विभागले पूर्वाधार विकास, जनशक्ति, चिकित्सकीय उपकरण तथा सामग्री व्यवस्थापन गर्न तीनै तहको सरकारले लगानी गर्नुपर्ने जनाएको छ । 'मेरो स्वास्थ्य, मेरो अधिकार' भन्ने मूल नाराका साथ आज विश्व स्वास्थ्य दिवस विश्वभर मनाइँदै छ । रासस

# नाटकलाई बनाउन थालियो चलचित्र

काठमाडौँ, २५ चैत । केही समय यता नाटकलाई चलचित्रको स्वरूप दिन थालिएको छ । रङ्गमञ्चमा रुचाइएको नाटक धेरै दर्शकसम्म पु¥याउन चलचित्रमा ल्याइए तापनि त्यसले सफलता भने पाउन सकेको छैन । विसं २०७९ साउन १३ मा 'पानीफोटो' प्रदर्शन गरियो । रङ्गमञ्च हुँदै चलचित्रमा अभिनेता बन्नुभएका खगेन्द्र लामिछानेले चलचित्र निर्देशन गर्नुभयो ।

नाटकका समेत निर्देशक रहनुभएका अभिनेता लामिछानेले माओवादी द्वन्द्वको समयको एक परिवारको भोगाइलाई धेरै दर्शकसम्म पु¥याउन चलचित्र बनाएको बताउनुभएको थियो । उहाँले त्यसलाई पुस्तकको स्वरूप पनि दिनुभयो ।

"यो कथा धेरै कहाँ पुग्नुपर्छ भन्ने लाग्थ्यो, यो द्वन्द्वकालमा बेपत्ता भएको छोरा पर्खिरहेका वृद्ध दम्पतिको पर्खाइको कथा हो, मलाई यो चलचित्र बनाउनु थियो, व्यावसायिक पाटोलाई मैले यसमा सोचिन", अभिनेता लामिछानेले भन्नुभयो । त्यसयता उहाँले चलचित्र निर्देशन गर्नुभएको छैन ।

अबको एक महिनाभित्र दुई चर्चित नाटक 'डिग्री माइला' र 'बोक्सीको घर' चलचित्र बनेर आउँदै छन् । 'डिग्री माइला' लाई नाटक हुँदा अभिनेता दयाहाङ राईले निर्देशन गर्नुभएको थियो । चलचित्रमा भने रामबाबु गुरुङलाई निर्देशनको कार्यभार सुम्पेर अभिनेता राईले अभिनय गर्नुभएको छ । नाटकको परिकल्पना गर्दा र नाम नै जुराउँदा निर्देशक गुरुङ सहकार्यमा रहेकाले निर्देशकको लागि उपयुक्त रहेको अभिनेता राईले बताउनुभयो ।

"हामीले नाटकलाई नै चलचित्रमा ल्याएका छैनौं, डिग्री माइला भन्ने पात्रलाई ठूलो पर्दामा ल्याएका हौँ, मध्यम फरक भएकाले प्रस्तुतीकरणसँगै पटकथामा भिन्नता छ, यो पात्रको मध्यमले देशमा देखिरहेको बेरोजगारीलाई भन्नुपर्छ भन्ने लगेर नायक बनाउँदा नै चलचित्रको सोच आएको थियो, उक्त समयमा हामीले चलचित्र आँटन सकेनौँ, अहिले अवस्था प्रतिकूल भएकाले ठुलो पर्दामा आउँदै छ", अभिनेता राईले भन्नुभयो ।

चैत २० गते प्रदर्शन गरिने चलचित्रमा पात्रलाई समयानुकूल तयार गरेको उहाँले बताउनुभयो । उहाँले मण्डला नाटकघरमार्फत यो नाटकलाई विभिन्न ठाउँमा मञ्चन गर्नुभएको छ । यस्तै नाटकमै आधारित रहेर तयार गरिएको अर्को चलचित्र हो 'बोक्सीको घर' । यो चलचित्रलाई अभिनेत्री केकी अधिकारीले निर्माण गर्नुभएको हो भने मुख्य भूमिकामा उहाँ नै हुनुहुन्छ । उहाँले नाटक हेरेपछि यसलाई चलचित्र बनाउने निर्णय गर्नुभएको थियो ।

"मैले यो नाटकमा महिला सशक्तीकरणको विषयलाई पाएँ, हामीले देखेको तर महसुस गर्न नसकेको पक्षलाई नाटकमा रमाइलोसँग प्रस्तुत गरिएको थियो, मैले छ महिना कार्यशाला गरेर उक्त भूमिकामा आफूलाई तयार गरेकी थिएँ", अभिनेत्री अधिकारीले भन्नुभयो । आउँदो वर्ष विसं २०८१ वैशाख १४ गते प्रदर्शन गरिने चलचित्रका लागि उहाँले चार वर्ष खर्चिनुभएको छ ।

"महिला पात्रलाई धेरै चलचित्रमा अभिनेताको जोडीका रुपमा मात्र चित्रण गर्ने गरिन्छ, त्यसकारण पनि मलाई यो कथालाई चलचित्रको माध्यमले भन्नुपर्छ भन्ने लागेको हो, यसलाई कलात्मकसँगै व्यावसायिक सफलता दिलाउनुपर्ने चुनौती मलाई छ", अभिनेत्री अधिकारीले भन्नुभयो ।

नाटक र चलचित्र हेर्ने दर्शक फरक भएकै कारण ठूलो पर्दामा आएका नाटकले सफलता पाउन सकेका छैनन् । यद्यपि यी दुई चलचित्रप्रति आशावादी हुने धेरै ठाउँ छन् । यी दुवै चलचित्रमा कलात्मकसँगै व्यावसायिक पाटोलाई बलियोसँग व्यक्त गरिएको छ ।

# काठमाडौँ महानगरमा गरिब घरपरिवार गणना सुरु

काठमाडौँ, २५ चैत । काठमाडौँ महानगरपालिका भित्र आइतबारदेखि गरिब घरपरिवार गणना सुरु भएको छ । उक्त तथ्याङ्क सङ्कलनका लागि महानगरपालिका भरी दुई सय नौ गणक खटिएका छन् ।

गरिब परिवारलाई सरकारी सेवा सुविधा उपलब्ध गराउने सरकारको नीतिअनुसार महानगरपालिकाभित्रका गरिब घरपरिवार गणना गर्न आइतबार देखि सुरु गरिएको काठमाडौँ महानगरपालिका सामाजिक विकास विभागका तथ्याङ्क अधिकृत कृष्णराज तिवारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बढीमा पाँच महिनाभित्र गरिब घरपरिवार गणना गरिसक्ने गरी आइतबारबाट गरिब घरपरिवार गणना सुरु भएको छ, महानगरपालिका भरी दुई सय नौ गणक खटिने छन् ।"

उहाँका अनुसार एक जना गणकले एक महिनामा कम्तीमा पनि दुई सय ५० घरपरिवारको तथ्याङ्क सङ्कलन गर्ने गरी समय र जनशक्ति व्यवस्थापन गरिएको सो विभागले जनाएको छ । विभागका अनुसार सबैभन्दा धेरै गणक वडा नं १६ र ३२ मा २१/२१ जना खटाइएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार सरकारले देशका ४९ जिल्लामा गरिब घरपरिवारको परिचयपत्र वितरण गरिसकेको छ भने १५ जिल्लामा परिचय पत्र बाँड्ने तयारी भइरहेको छ । काठमाडौँ महानगरभित्र गणना सकिएपछि देशभर नै गरिब परिवारको गणना सम्पन्न हुने मन्त्रालयले जनाएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयकाअनुसार गरिब तथ्याङ्क सङ्कलन २०७० सालमा २३ वटा जिल्लाबाट सुरु गरिएको थियो ।

# नेपालमा प्रथम कलेजो प्रत्यारोपण गरिएका नागाको निधन

भक्तपुर, २५ चैत । नेपालमा पहिलोपल्ट सफलतापूर्वक कलेजो प्रत्यारोपण गरिएका बलराम नागाको आइतबार आकस्मिक निधन भएको छ ।

भक्तपुर नपा वडा नं. ४ का स्थानीय गपलीमा बस्ने नागाको कलेजोको अधिकांश भाग नष्ट वा बिग्रिसकेको अवस्थामा २०७४ सालमा मानव अङ्ग प्रत्यारोपण केन्द्र भक्तपुरमा उहाँकै आफ्नी कान्छी दिदी सानुमाया लागेको कलेजो झिकेर प्रत्यारोपण गरिएको थियो ।

जिम क्लबमा अभ्यास गरी फर्केका नागा राममन्दिरको बाटो हिँड्दा हिँड्दै उकालोमा अकस्मात् छाती दुखेर ढलेपछि उहाँको तत्कालै मृत्यु भएको हो । बुबा नारायणभक्त नागा र आमा हरिमाया नागाका कान्छो पुत्रको रूपमा रहेका नागाका श्रीमती, एक छोरा र एक छोरी छन् ।



मानव अङ्ग प्रत्यारोपण केन्द्रका डा. पुकारचन्द्र श्रेष्ठका अनुसार उनको मृत्यु हृदयघातबाट भएको जानकारी गराइएको छ । मृतक बलराम नागाले केही वर्षदेखि रङ्गरोगनको व्यवसाय गर्दै आउनुभएको थियो ।

# मेटल उद्योगमा आगलागी : मृत्यु हुनेको पहिचान खुल्यो, १० लाखको क्षति

काठमाडौँ, २५ चैत । ललितपुरको हात्तीवनस्थित सोफा बनाउने सिक्मा मेटल इन्टेक्स प्रालिमा भएको आगलागीमा परी मृत्यु भएका व्यक्तिको पहिचान खुलेको छ ।

शनिबार भएको उक्त आगलागीमा परी काभ्रेपलाञ्चोकको पाँचखाल बस्ने राजु ठकुरी भन्ने भोजबहादुर पहरीको रहेको जिल्ला प्रहरी परिसर ललितपुरका प्रवक्ता प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो ।

उनका परिवार आएर शव पहिचान गरेका हुन् । पहरी सोही कारखानामा मेटलको काम गर्ने मिस्त्री रहेको बताइएको छ । आगलागीबाट रु. १० लाख बढीको क्षति भएको प्रारम्भिक आँकडा आएको सुवेदीले बताउनुभयो ।

विद्युत् सर्ट भएर त्यहाँ आगलागी भएको र पहरी सोही आगलागीमा परेका हुन् । आगलागीबाट सोफा तथा कच्चा पदार्थ जलेर नष्ट भएको छ । ***रासस***

# टोखामा तीनदिने 'पाहाँचऱ्हे' जात्रा सुरु

काठमाडौँ, २५ चैत । टोखामा तीनदिने 'पाँहाचऱ्हे' जात्रा प्रारम्भ भएको छ । जात्राका क्रममा टोखाका नेवार समुदायले पाहुना बोलाएर मीठो खुवाउने प्रचलन रहेको नेवाः गुथि टोखाका अध्यक्ष रमेश नापितले बताउनुभयो ।

आइतबार विनायक र सङ्कटा अजिमाका रथलाई गाउँ परिक्रमा गराइन्छ । परिक्रमाका क्रममा जहाँ–जहाँ महादेव लुकेर बसेका छन् त्यहाँ पु¥याई दर्शन गराएर फर्काउने चलन रहेको अध्यक्ष नापितले बताउनुभयो । भोलि घोडेजात्राका दिन साँझ ६.३० बजे सपन विनायनकको रथलाई सपनतीर्थमा लैजाने, सङ्कटाको रथलाई तरख्यःमा ल्याएर छजना कुमार र चारजना कुमारीलाई भाजन खुवाइने उहाँले बताउनुभयो ।

सपनतीर्थको रथलाई नात्येश्वर र सङ्कटाको रथलाई थलाग टोलमा बिसाइन्छ । सोही रात भजनकीर्तन गर्ने र जाग्राम बस्ने चलन छ । जात्राको अन्तिम दिन बिहान ६.३० बजे सपनतीर्थको रथ नात्येश्वरबाट र सङ्कटाको रथ थलाग टोलबाट बाजागाजासहित कपडा बिच्छ्याएर थलागटोलमा रहेको पाँचवटा प्वाल भएको ढुङ्गा (न्या प्वाय ल्हो) मा लगेर सपनविनायकले सङ्कटालाई तीनपटक ढोगाउने चलन छ । त्यसपछि सङ्कटा अगाडि र सपनविनायकको रथ पछाडि बसेर लिङ्गेश्वरलाई तीनपटक परिक्रमा गरी जात्रा समापन गरिन्छ । ***रासस***

# प्रतितोला रु. दुई हजार नौ सयले बढ्यो सुनको मूल्य

काठमाडौँ, २५ चैत । स्थानीय बजारमा पहेँलो धातुको मूल्य लगातार उकालो लागिरहेको छ । लगातार उकालो लागेको सुनको मूल्यमा आइतबार नयाँ कीर्तिमान कायम भएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आइतबार छापावाला सुन प्रतितोला रु. एक लाख ३५ हजार ६ सय कायम भएको छ । शुक्रबार छापावाला सुन प्रतितोला रु. एक लाख ३२ हजार सात सयमा कारोबार भएको थियो । यस आधारमा सुनको मूल्य प्रतितोला रु. दुई हजार नौ सयले वृद्धि भएको छ ।

यस्तै, तेजाबी सुनको मूल्य पनि प्रतितोला दुई हजार नौ सयले बढेर रु. एक लाख ३४ हजार नौ सय ५० निर्धारण भएको छ । शुक्रबार तेजाबी सुन रु. एक लाख ३२ हजार ५० निर्धारण भई कारोबार भएको थियो । यसैगरी चाँदीको मूल्य पनि उकालो लागेको छ । महासङ्घका अनुसार चाँदीको मूल्य आजका लागि प्रतितोला रु. एक हजार छ सय ७० निर्धारण भएको छ । शुक्रबार चाँदीको मूल्य रु. एक हजार ६ सय १५ मा कारोबार भएको थियो । रासस

# बिक्न छाडे चोयाका सामग्री

ढोरपाटन (बागलुङ), २५ चैत (रासस) । निसीखोला गाउँपालिका-६ का भुमबहादुर बुढामगरले ३३ वर्षदेखि चोयाबाट सामग्री बुन्दै आउनुभएको छ । घर नजिकैको जङ्गलमा प्रसस्त चोया पाइने हुँदा डोको, नाङ्लो र डालो बुन्न उहाँले सानैबाट सिक्नुभयो । बाउ बाजेले बुनेको देखेर सिक्नुभएका बुढामगरले अहिले पनि यो कामलाई निरन्तरता दिनुभएको छ । हिजोआज चोयाका सामग्री बिक्री हुन छाडेपछि उहाँमा त्यत्ति जाँगर छैन ।

एक दसक अगाडिसम्म चोयाका सामग्री नै बेचेर परिवार चलाउँदै आउनुभएका भुमबहादुर अहिले पेसा परिवर्तन गर्ने सोचमा हुनुहुन्छ । बजारमा आएका प्लास्टिकका सामानले चोयाका सामग्री प्रयोग हुन छाडेपछि के पेसा अङ्गाल्ने होला भन्ने चिन्ता उहाँलाई छ ।

पहिले-पहिले गाउँमा किलोग्राममा किनबेच हुँदैनथ्यो । माना, पाथीका हिसाबले अन्नपात किनबेच गरिन्थ्यो । पछिल्लो समय माना पाथीको प्रचलन हराउँदै गएका छन् । बजारमा प्लास्टिकका डालो, नाङ्ला आउन थालेपछि धेरैको रोजाइमा चोयाका सामग्री पर्न छाडे । मेला महोत्सवका बेला टाढा पुगेर डाला नाङ्ला बच्ने गरे पनि अचेल व्यापार कम हुन हुँदा उहाँ धेरै टाढा पुग्नु हुन्न । गाउँ घरमा पनि बजारबाटै ल्याएका प्लास्टिकका सामान प्रयोग हुन थालेका छन् । त्यसले मौलिक सीप विस्थापित हुने स्थितिमा पुगेको छ ।

आधुनिक प्रविधिको बढ्दो विकासका कारण पछिल्लो समय आफ्नो उत्पादनले बजार पाउन छाडेको बुढामगरले बताउनुभयो । सात वर्ष अगाडिसम्म निकै बिक्री हुने डालो पछिल्लो समय यसको लोकप्रियता कम हुँदै गएको उहाँको भनाइ छ । बजारमा नयाँ-नयाँ प्रविधिका नापतौलका सामग्री आएपछि आफूहरूले बुनेका डालो नाङ्लोले बजार पाउन छोडेको बुढामगर बताउनुहुन्छ । परम्परागत नापतौल गर्ने तुलका रूपमा प्रयोग हुने माना, पाथी आजभोलि किलो र लिटरमा परिवर्तन भएको भन्दै गाउँकै मान्छेले डाला नाङ्ला कम प्रयोग गर्ने उहाँको भनाइ छ ।

तमानखोलाका मीनबहादुर घर्तीले पनि आफ्नो सीपले बजार पाउन छाडेको गुनासो गर्नुभयो । एक दसक अगाडिसम्म चोयाका सामग्री धेरै बिक्री हुने गरेको भन्दै पछिल्लो समय महिनामा पाँच हजार पार्न पनि मुस्किल पर्ने उहाँ बताउनुहुन्छ । उहाँले पहिले डोको, नाङ्लो र डालो बेचेर महिनामै रू. ३० हजारभन्दा बढी कमाइ गरेको सुनाउनुभयो । धेरै जसो मान्छेले बजार बस्न थालेपछि गाउँमा उत्पादन हुन सामान प्रयोग गर्न छाडेको उहाँले बताउनुभयो ।

उहाँले अहिले पर्याप्त मात्रामा चोयासमेत अभाव हुँदै गएको बताउनुभयो । वनमा निगाँलो मासिँदै गएपछि डालो नाङ्लो बुन्ने प्रचलनसमेत घट्दै गएको उहाँको भनाइ छ । "पहिले-पहिले गाउँमा धेरै मान्छे हुन्थे, वन जङ्गल जाने, घाँस दाउरा गर्ने चलन थियो, बारीमा धान, गहुँ, मकै उत्पादन गर्ने ठूलो ठूलो डालो र भकारीमा राख्ने चलन थियो, अहिले त गाउँमा मान्छे कम छन्, घाँस दाउरा गर्न छाडे, खेतीपाती पनि कमले गर्छन् पहिलेको जस्तो डालो नाङ्लोको आवश्यक कम पर्छ", उहाँले भन्नुभयो, "पहिले यस्ता सामग्रीको धेरै खाँचो हुन्थ्यो, धेरैले सिकेर बुन्थे पनि तर अहिले त बुन्ने मान्छे पनि कम हुँदै गए, हाम्रो समाजले आफ्नो मौलिकतालाई चिन्न छोड्यो ।"



**नागरिकताको आधारमा प्रतिव्यक्ति पाँच पोका नुन :** मुगुको सदरमुकाममा रहेको साल्ट ट्रेडिङ कर्पोरेसनको शाखाबाट नागरिकताका आधारमा प्रतिव्यक्ति ५ पोका आयोडिनयुक्त नुन बिक्री हुँदै । *तस्बिर : हेमन्त केसी/रासस*

# पर्सा राष्ट्रिय निकुञ्जमा पर्यटक आगमन वृद्धि

वीरगञ्ज (पर्सा), २५ चैत । पर्सा राष्ट्रिय निकुञ्जमा आउने पर्यटकको सङ्ख्या बढ्दै गएको छ । रैथाने हात्तीको प्रमुख बासस्थान मानिएको निकुञ्जमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेको हो ।

पर्यटकीय सम्भावना र पूर्वाधारको विकासलाई आधार बनाएर सरकारले निकुञ्जलाई २०७४ सालमा देशको १२ औँ संरक्षित क्षेत्रका रूपमा घोषणा गरेको थियो । पर्सासहित बारा र मकवानपुर गरी तीन जिल्लासँग जोडिएको निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकका लागि खुला गरिएको छ ।

प्राकृतिक सौन्दर्यसँगै वन्यजन्तुको जैविक विविधताले धनी निकुञ्जमा आन्तरिकसँगै छिमेकी मुलुक भारतका पर्यटक आउने क्रम बढेको निकुञ्जका सूचना अधिकारी सन्तोष भगतले बताउनुभयो । उहाँले भन्नुभयो, "विगतभन्दा अहिले निकुञ्जमा आन्तरिक तथा भारतका पर्यटक आउने क्रम बढेको छ । बाह्यभन्दा आन्तरिक पर्यटक धेरै आउने गरेका छन् ।"

चालु आर्थिक वर्षको आठ महिनामा छ सय १३ जना पर्यटक आएका छन् । निकुञ्ज घुम्न आउने पर्यटकमा सार्क मुलुकका १४ र गैरसार्क राष्ट्रका एकजना विदेशी पर्यटक छन् । अघिल्लो आवको आठ महिनामा एक सय ४० पर्यटकले मात्र निकुञ्जमा भ्रमण गरेका थिए । आव २०७९/८० मा पर्सा राष्ट्रिय निकुञ्जमा ७२ जना भारतसहित सार्क मुलुक र ३२ जना अन्य देशका पर्यटक गरी एक हजार ६५ जना पर्यटकले भ्रमण गरेका थिए ।

निकुञ्जभित्र माया मन्दिर, दुग्धेश्वर महादेव मन्दिरजस्ता धार्मिकस्थल छन् भने कामिनी दह, हलखोरिया दह र लौकी दहजस्ता प्राकृतिक तथा मनोरम दह पर्यटकको प्रमुख आकर्षणको केन्द्र बनेका छन् । निकुञ्जभित्र पानीको सहज उपलब्धतासँगै पाटेबाघसहितका जन्तुको सङ्ख्या पनि वृद्धि भएको छ ।

निकुञ्जले गरेको सन् २०२२ को बाघ गणनाअनुसार पाटेबाघको सङ्ख्या ४१ पुगेको छ । निकुञ्जले प्राकृतिकरूपमा कृत्रिम पोखरी निर्माण गरेपछि वन्यजन्तुको सङ्ख्या बढेको हो । कुल छ सय २७ दशमलव ३९ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको निकुञ्जभित्र पाटेबाघ, भालु, गैँडा, हात्ती, चित्तल, जरायो, चितुवा, जङ्गली कुकुर, नीलगाई र गौरीगाईजस्ता ३७ प्रजातिका स्तनधारी जनावर, चार सय ९० प्रजातिका चराचुरुङ्गी, १३ प्रजातिका सरीसृप र ३१ प्रजातिका पुतली पाइन्छन् ।

निकुञ्जको भ्रमणमा आउने पाहुनाका स्वागतमा निकुञ्जको मध्यवर्ती क्षेत्रको 'बफर जोन' मा सुनाखरी मध्यवर्ती सामुदायिक घरबास सञ्चालन गरिएको छ । स्थानीय संस्कृतिअनुसार सुनाखरी सामुदायिक घरबासले विविध परिकार पस्केर पाहुनालाई आकर्षित गर्दै आएको छ । ***रासस***

# दूध र गोबर बेचेर मासिक एक लाख ५० हजार

गोदावरी (कैलाली), २५ चैत । धनगढी उपमहानगरपालिका-३ विशालनगरमा रहेको कृष्ण-मोहन गौशालाले मासिक रु. एक लाख ५० हजारभन्दा बढी आम्दानी गर्दै आएको छ । सामुदायिकरूपमा सञ्चालित गौशालाले दूध र गोबरबाट आम्दानी उक्त रकम कमाएको हो । गौशालामा सात जनाले रोजगारी पनि पाएका छन् ।

विसं २०७५ वैशाखदेखि सञ्चालनमा आएको गौशालामा अहिले एक सय ११ गाई छन् । गौ संरक्षण सेवा समिति गठन गरेर छाडा छाडिएका गाई पाल्न सुरु गरिएको गौशाला सुदूरपश्चिम सरकार, धनगढी उपमहानगरपालिका र स्थानीय चन्दादाताबाट रकम सङ्कलन गरेर स्थापना गरिएको हो ।

धनगढी उपमहागरपालिका-३ स्थित शान्ति सामुदायिक वनले उपलब्ध गराएको करिब एक बिघा जमिनमा गौशाला सञ्चालित छ । सुरुमा चन्दाबाट चलाइएको गौशालाले अहिले दूध र गोबरबाट आम्दानी लिन थालेको गौशालाकी प्रबन्ध निर्देशक रीता अवस्थीले बताउनुभयो ।

निर्देशक अवस्थीका अनुसार गौशालामा दैनिक २५ लिटर दूध बिक्रीबाट मासिक रु. ६७ हजार पाँच सय गोबर बिक्रीबाट मासिक रु. ५० हजार र गौदानबाट रु. २५ हजार आम्दानी भइरहेको छ । सो आम्दानीबाट सात कर्मचारीलाई वर्षभरि रोजगारी दिन सफल भएको उहाँले बताउनुभयो ।

सडकमा छाडिएका गाईको दयनीय अवस्था देखेर स्थानीय भोजराज पाठकको अध्यक्षतामा गौ संरक्षण सेवा समिति गठन गरी गौशाला निर्माण र गाईको आहाराको व्यवस्था गर्न धनगढीका विभिन्न ७० जनाले दानस्वरूप रकम उपलब्ध गराएका थिए । चन्दादाताबाट प्राप्त रकमले गाईको आहार व्यवस्थापन हुँदै आएको छ । गौशालामा भौतिक संरचना निर्माण गर्न प्रदेश सरकारबाट रु. ४० लाख, धनगढी उपमहानगरपालिकाबाट रु. १० लाख र तत्कालीन प्रदेशसभा सदस्य डिल्लीराज पन्तबाट रु. आठ लाख बजेट उपलब्ध भएको जनाइएको छ । ***रासस***

# सामुदायिक विद्यालयका विद्यार्थी आकर्षित गर्ने अभियान

गलकोट (बागलुङ), २५ चैत । पछिल्लो समय बागलुङका सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या घट्दै गएको छ ।

जनसङ्ख्याको ऋणात्मक वृद्धि र संस्थागत विद्यालयप्रति विद्यार्थीको आकर्षण बढ्न थालेपछि सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या बढाउन चुनौतीपूर्ण देखिएको छ । ओरालो लागिरहेको विद्यार्थी सङ्ख्या बढाउन र सामुदायिक प्रतिको अभिभावकमा रहेको भ्रम चिर्नको लागि यहाँका केही सामुदायिक विद्यालयले नयाँ शैक्षिक सुरु हुनुअगावै घरदैलो अभियान चलाइरहेका छन् ।

सामुदायिक विद्यालयले अँगालेको गुणस्तरीय शिक्षाको विषयमा अभिभावक जानकार नहुँदा सामुदायिक विद्यालयप्रतिको विश्वास घटेकोले घरदैलो अभियान चलाइरहेको रामरेखा आधारभूत विद्यालका शिक्षक विष्णुराज पौडेलले जानकारी दिनुभयो ।

रामरेखा आधाभूत विद्यालयको टोली अङ्ग्रेजी माध्यमबाट पढाउने, स्कूल भ्यान खरिद गर्ने जस्ता योजना लिएर घर घरमा पुगेको हो ।

"सामुदायिक विद्यालयमा गुणस्तर बढाउन सकेमा विद्यार्थीको अभाव हुँ दैन, संस्थागत छाडेर सामुदायिक विद्यालयमा विद्यार्थी आउने वातावरण हामीले बनाइसकेका छौँ", गौतमले भन्नुभयो, "अहिले एक सय ३५ विद्यार्थी रहेको सिगाना माध्यमिक विद्यालयमा विद्यार्थी सङ्ख्या बढाउनका लागि विद्यालयको क्षेत्र सिगाना र रेशमा घरदैलो अभियानलाई जारी राखिएको छ ।" यस्तै बागलुङको पुरानो सामुदायिक विद्यालय विद्यामन्दिर माध्यमिक विद्यालयले विद्यार्थीको खाँचो नभए पनि सामुदायिक विद्यालयप्रति अभिभावकलाई सचेत बनाउन घरदैलो अभियान चलाइरहेको छ । विद्यामन्दिर माध्यमिक विद्यालयमा अहिले एक हजार तीन सय ९९ विद्यार्थी रहे पनि विद्यार्थी थप आकर्षण गर्नका लागि घरदैलो अभियान चलाइएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुलाल शाक्यले जानकारी दिनुभयो ।

"जिल्लामै धेरै विद्यार्थी हुने विद्यालयमा हाम्रो सामुदायिक विद्यालय पर्दछ, तर सामुदायिक विद्यालय संस्थागतभन्दा अब्बल छ भन्ने सन्देश दिन घरदैलो अभियानमा छौँ", शाक्यले भन्नुभयो ।

# स्वदेशी उद्योगलाई संरक्षण गर्ने नीति बनाउनुपर्नेमा वीरगञ्जका उद्योगीको जोड

वीरगञ्ज (पर्सा), २५ चैत । वीरगञ्जका उद्योगी व्यवसायीले आगामी आर्थिक वर्षको नीति तथा योजना बनाउँदा आर्थिक मन्दीका कारण चपेटामा परेका उद्योग व्यवसायलाई संरक्षण र प्रवर्द्धन गर्ने किसिमले बनाउनुपर्नेमा जोड दिएका छन् । उद्योगी व्यवसायीले नीति तथा योजना र आगामी आर्थिक वर्षको बजेटमा उद्योग व्यवसायलाई संरक्षण र प्रवर्द्धन गर्ने किसिमले बनाउनुपर्नेमा जोड दिएका हुन् ।

अर्थमन्त्रालय र वीरगञ्ज उद्योग वाणिज्य सङ्घले वीरगञ्जमा आयोजना गरेको राजस्व परामर्श तथा बजेट तयारीसम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी उद्योगी/व्यवसायीले मुलुकको आर्थिक सङ्कटले उद्योगधन्दा धरासायी हुने अवस्थामा पुगेकोले स्वदेशी उद्योगलाई संरक्षण गर्ने खालका नीति ल्याउन अनुरोध गरेका हुन् ।

# पुस्तक बिक्रीबाट प्राप्त रकमबाट देशैभर छात्रवृत्ति

काठमाडौँ, २५ चैत । मुटुरोग विशेषज्ञ डा. ओम मूर्ति अनिलद्वारा लिखित 'जीवन्त सम्बन्ध' बिक्रीबाट प्राप्त रकम देशका ७७ वटै जिल्लाका गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने भएको छ । 'डा. ओम फाउण्डेशन' द्वारा आइतबार जारी विज्ञप्तिमा वर्ष २०८० को चर्चित पुस्तकमध्ये एक 'जीवन्त सम्बन्ध' को बिक्रीबाट प्राप्त हुने सम्पूर्ण रकम लेखकले स्वास्थ्य, शिक्षा र सामाजिक रूपान्तरणमा खर्च गर्ने क्रममा शैक्षिक सत्र २०८१ मा छात्रवृत्ति प्रदान गरिने भएको छ ।

पुस्तक बजारमा आएको छ महिनाको अवधिभित्र २० हजार प्रतिभन्दा बढी बिक्री भइसकेको फाउण्डेशनले जनाएको छ । गत असोज ६ गतेदेखि बजार उपलब्ध पुस्तक विमोचनपूर्व नै प्रिबुकिङ भएको थियो भने स्वदेश तथा विदेशबाट दिनहुँ माग भइरहेको बताइएको छ । पुस्तक देशभरिकै अधिकांश पुस्तक पसलहरू र भाटभटेनी सुपरमार्केटका देशभरिकै स्टोरमा उपलब्ध रहेको छ भने समीक्षा पब्लिकेसन्स्लगायत विभिन्न अनलाइन प्लेटफर्म र वितरकमार्फत पाठकसमक्ष पुऱ्याइँदै आएको छ ।

पाठकहरूद्वारा अत्यधिक रुचाएको पुस्तकहरूको सूचीमा यस वर्ष मुटुरोग विशेषज्ञ डा. ओम मूर्ति अनिलद्वारा लिखित 'जीवन्त सम्बन्ध' पर्न सफल भएको छ । पाठक प्रतिक्रिया र समीक्षकहरूको प्रशंसासँगै छोटो समयमा पुस्तकको उच्च बिक्रीले जीवन्त सम्बन्ध पुस्तक पाठकको रुचीमा पर्न सफल भएको हो । पाठकको उत्साहजनक सहभागिता र माग बढिरहेको फाउन्डेसनले छिट्टै पुन: संस्करण ल्याउने तयारी गरेको छ । ५३ वटा खण्डलाई २३१ पृष्ठमा समेटिएको 'जीवन्त सम्बन्ध' पुस्तक कुल २४० पृष्ठको रहेको छ ।

यस पुस्तकले विशेषगरी बुबा-आमा र सन्तानबीचको सम्बन्धलाई मिहीन ढङ्गबाट केलाइएको छ । लेखकले आफ्नो जीवन भोगाइ, अनुभव र ज्ञानलाई रचनात्मक तरिकाले पुस्तकमा समाविष्ट गरेको हुँदा सबैलाई आफ्नै कथाव्यथा जस्तो लाग्ने भएकालाई पुस्तकले पाठकको मन जित्न सफल भएको समीक्षकहरूको भनाइ छ ।

त्यस्तै बदलिँदो नेपाली समाजमा खड्किँदै गएको सम्बन्धको महत्वलाई पुस्तकमा सुन्दर तरिकाले प्रस्तुत गरिएको छ । सामाजिक रूपान्तरणका निम्ति बलियो आधार बन्ने 'जीवन्त सम्बन्ध' पुस्तकका हरेक खण्डले मानिसलाई आफ्नो दायित्वबारे बुझाउन मद्दत गर्नेछ । विशेषगरी लेखकले 'म' पात्रमार्फत बुबासँगको सम्बन्धलाई प्रतिनिधिमूलक घटनाका रूपमा दर्शाउँदै नेपाली समाजको विम्ब प्रस्तुत गर्नुभएको छ ।

। सम्पादकीय ।

# निर्वाचन पनि एउटा राजनीतिक सङ्घर्ष

आगामी वैशाख १५ गते इलाम २ को प्रतिनिधिसभा र बझाङको प्रदेशसभा १ मा उपनिर्वाचन हुँदै छ । निर्वाचनको लागि निर्वाचन आयोगले आवश्यक तयारी गरिरहेको छ । हरेक निर्वाचन स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र धाँधलीरहित हुनुपर्छ । तर, निर्वाचन स्वच्छ र शान्तिपूर्ण हुँदैन । निर्वाचनमा जित्नको निम्ति ठुला र शासक दलका नेताहरूले साम, दाम, दण्ड र भेदको नीति अपनाउँछन् । हरेक राजनीतिक दलले आ–आफ्नो दलको सिद्धान्त र विचार जनतामाझ पुऱ्याएर जनताको मत लिनुपर्ने हो । ती दलका नेताहरू सिद्धान्त र विचार प्रचार नगरी पैसाको खोलो बगाउँछन्, भोज खुवाउँछन्, सामान बाँडफाँड गर्छन्, अनेक लोभलालच देखाउँछन् । सिद्धान्त र विचार जनतामाझ पुऱ्याएर, बुझाएर मत लिएको भए त्यो दलले प्राप्त गरेको मत सिद्धान्त र विचारको आधारमा लिएको हुन्छ । जसरी भए पनि जित्ने होडबाजीको राजनीति गरेर या मत लिएर जनताको समस्या समाधान हुने होइन ।

हरेक राजनीतिक दल एक न एक वर्ग आधार, राजनीतिक दर्शन र विचारको आधारमा स्थापना गरिएको छ । हरेक राजनीतिक दलको अल्पकालीन र दीर्घकालीन उद्देश्य हुन्छ । त्यो उद्देश्य पूरा गर्न इमानदारीपूर्वक स्वच्छ राजनीति गर्नुपर्छ । तर, नेपालका शासक राजनीतिक दलहरू आफ्नो सिद्धान्त र आदर्श छोडेर देशलाई दूरगामी असर पार्ने, जनतामाझ भ्रम फैलाउने, समाजमा आर्थिक, सामाजिक एवम् सांस्कृतिक अराजकता बढाउने कुकृत्यमा लाग्दै छन् । सत्तासीन दलका नेताहरू अपराधी, भ्रष्टाचारी र कामचोरहरूको पक्षपोषणमा लागिरहेको खबर पनि बेलाबखत सञ्चारमाध्यममा आइरहेको छ । जनताले मतदान व्यक्तिको मुख हेरेर होइन दलको सिद्धान्त र विचारको आधारमा गर्ने हो । देशघाती, देशद्रोही, विदेशी दलालको पक्ष दिने दलका उम्मेदवारलाई हामीले मतदान गर्नु ठीक हुँदैन । इमानदारीपूर्वक स्वच्छ राजनीति गर्ने दलका उम्मेदवार नै जनताका उम्मेदवार हुन् । त्यस्ता उम्मेदवारलाई हामीले मतदान गर्नुपर्छ ।

निर्वाचन पनि एउटा राजनीतिक सङ्घर्ष हो; त्यो वर्गीय सङ्घर्ष या वैचारिक लडाइँ हो । कुनै पनि मतदाता कुनै पनि दलको प्रलोभनमा पर्नु हुँदैन या प्रलोभनमा आफ्नो अमूल्य मत दिनु हुँदैन । हाम्रो हरेक मत जित्ने दललाई होइन देश र जनताको पक्षमा इमानदारीपूर्वक राजनीति गरिरहेको दलका उम्मेदवारलाई दिनुपर्छ । देश र बहुमत जनताको हितमा समर्पित र प्रतिबद्ध राजनीतिक दलका उम्मेदवारहरू जनताका उम्मेदवार हुन् । सामन्ती होस् या पुँजीवादी चुनाव सैद्धान्तिक तथा वैचारिक सङ्घर्षको रूपमा उपयोग गर्ने माध्यम हो । कम्युनिस्टविरोधी वा पुँजीवादी पार्टीहरूले चुनावलाई सत्तामा पुग्ने माध्यम बनाउँछन् । त्यसकारण, ती दलका नेताहरू जसरी भए पनि जित्ने दाउ रच्छन् । उनीहरू जनतालाई सैद्धान्तिक र वर्गीय राजनीतिबाट दीक्षित गर्दैनन् । तर, सच्चा कम्युनिस्टहरू चुनावी सभालाई राजनीतिक र सैद्धान्तिक कक्षाको रूपमा सञ्चालन गर्छन् । नेमकिपा हाल हुन गइरहेको उपनिर्वाचनलाई वैचारिक सङ्घर्षको रूपमा लिन्छ ।

नेमकिपाले चुनावलाई समाजवादी प्रचार अभियानकै रूपमा उपयोग गर्छ; उपयोग गरिरहेको हो । यस निर्वाचनमा पनि नेमकिपा देशघाती र जनविरोधी दलको विरोध गर्छ । स्वाधीन देशमा थिचोमिचो गर्ने, अतिक्रमण गर्ने, आक्रमण गर्ने दल र त्यसको पक्ष लाग्ने दलको नेमकिपा विरोध गर्छ । कम्युनिस्टहरू संसद्लाई क्रान्तिकारी दबुको रूपमा प्रयोग गर्छन्; संसद्लाई उपयोग गरेर समाजवादी विचारको प्रचार गर्छन्; विदेशी थिचोमिचो, भारतीय एकाधिकार पुँजीको विरोध गर्छन् । कम्युनिस्टहरू चुनावलाई पुँजीवादी सत्ता कब्जा गर्ने उद्देश्यले उपयोग गर्दैनन् । नेमकिपा चुनावबाट देशमा समाजवादी व्यवस्था स्थापना हुन्छ भन्नेमा विश्वास गर्दैन । अतः हाल हुन गइरहेको उपनिर्वाचनमा देशभक्त जनताले सिद्धान्त र विचारको आधारमा मतदान गर्नुपर्छ ।

# विश्व शान्ति : अमेरिकाले बिगार्छ, चीनले सम्हाल्छ !

✍ राजन

म सानो छँदा आफूले खेलेको खेलौनालाई सम्झँदा र अहिले मेरो छोराले खेल्ने खेलौनालाई देख्दा चीनलाई धन्यवाद भन्नैपर्छ । सानोमा साइकलको काम नलाग्ने पाङ्ग्रासँग खेलेका ती सम्झनाले नेताहरू इमानदार र सिद्धान्तनिष्ट हुँदा करोडौँ जनताको जीवनमा कस्तो प्रभाव पार्दो रहेछ भन्ने सन्दर्भले मलाई बहुमूल्य पाठ सिकाएको छ । नेपालीदेखि संसारका सबैभन्दा गरिब अफ्रिकी मुलुक युगान्डाका जनतालाई आरामदायी जीवनको सपना देखाएकोमा चीनलाई धन्यवाद दिनैपर्छ । चिनियाँ नेताहरूले आफ्ना ८० करोड जनतालाई गरिबी रेखाबाट माथि मात्र उठाएनन्, विश्वका कैयौँ करोड मानिसलाई गरिबीको रेखामुनिबाट मुक्त गरेका छन् ।

जसरी अति आवश्यक थुप्रै वस्तुमा विश्वभरका सिमान्तकृत जनताको पहुँच पुऱ्याइयो त्यसरी नै अहिले समय आएको छ; विश्व शान्तिमा चिनियाँ व्यवस्था र चिनियाँ नेताहरूले चालेका कदमको प्रशंसा गर्नुको साथै अझ बढी भूमिका खेल्नुपर्ने आवश्यकता विश्व जनमतले महसुस गरिरहेका छन् ।

चीनले संसारलाई राम्रो बनाउने कोसिस गर्दै छ । तर, यसको लागि प्रयास गरिरहेको छ । अमेरिकाको विदेश नीतिमा कुनै परिवर्तन भएको देखिँदैन ।

अमेरिकाले जानाजानी चीनलाई ‘खराब देश’ को रूपमा चित्रण गर्न खोजेको छ । त्यसैले चीन नै अन्तर्राष्ट्रिय व्यवस्थाको लागि चुनौती र शान्तिको लागि खतरा हो भन्ने धारणालाई अझ अगाडि बढाउन खोजेको छ । अमेरिकाले सुरु गरेको द्वन्द्वका लागि चीनलाई नैतिकरूपमा गलत देखाउन खोजिरहेको छ तर चीन अमेरिकाले चाहेको कुरामा सहमत हुँदैन ।

त्यसैगरी, शान्तिमा जोड दिएको दाबी गरे पनि अमेरिका गाजा युद्धमा इजरायललाई नि:सर्त समर्थन गर्न पाउँदा खुसी नै भएको देखिन्छ । अमेरिकाले द्वन्द्व जारी राख्न अनुमति दिएको छ र युद्धविरामको लागि कुनै पनि हालतमा आह्वान गर्न अस्वीकार गरेको छ । यसको प्रतिक्रियास्वरूप हुथीहरूले आक्रमण गरे । तार्किकरूपमा भन्नुपर्दा यदि अमेरिकाले गाजामा द्वन्द्व समाप्त गऱ्यो भने हुथीहरूको आक्रमण रोकिनेछ । तर, अमेरिका कुनै पनि हालतमा वर्तमान रणनीतिक स्थितिमा कुनै परिवर्तन चाहँदैन । यही सोचले अमेरिकालाई इरानसँगको आणविक




ठीक उल्टो अमेरिका नेतृत्व पश्चिमाहरू यसलाई नष्ट गर्दै छन् । यो संसारमा राक्षसहरू छन् भने ती को हुन् भनेर विश्व जनमतले बुझ्दै छन् । अमेरिका संसारभर सङ्कट सिर्जना गर्छ तर चीन उक्त सङ्कटलाई समाधान गरोस् भन्ने चाहन्छ । चीन त्यस्तो खेल खेल्न चाहँदैन । त्यही निहुँमा अमेरिका चीनलाई एक विघटनकारी शक्तिको ठप्पा लगाउँछ ।

संयुक्त राज्य अमेरिका वास्तवमा आफ्नो विदेश नीति, सैन्य हस्तक्षेप वा आर्थिक गतिविधिहरूमार्फत विभिन्न वैश्विक सङ्कटहरूमा प्रत्यक्ष वा परोक्षरूपमा संलग्न भएको छ । यी कार्यहरूले तनाव बढाएर थुप्रै क्षेत्रहरूमा अस्थिरता निम्त्याउँदै छन् । संयुक्त राज्य अमेरिकाले द्वन्द्व समाधानमा कूटनीतिक प्रयास, आर्थिक पहल वा जलवायु परिवर्तन न्यूनीकरणजस्ता केही विश्वव्यापी चुनौतीमा चीनको सहयोग चाहन्छ । चीनलगायत कुनै पनि देशले सबै विश्वव्यापी सङ्कट समाधान गर्ने अपेक्षाहरू यथार्थपरक हुँदैनन् । संयुक्त राज्य अमेरिका र बेलायतले हाल हुथीहरू भनेर चिनिने यमनमा अन्सार अल्लाह मिलिशिया समूहविरुद्ध बमबारी अभियान चलाइरहेका छन् । हुथीहरूले गाजामा जारी द्वन्द्वको जवाफ दिँदै लाल सागरमा सामान ढुवानी गर्ने जहाजमाथि आक्रमण गरेर भूराजनीतिकरूपमा महत्त्वपूर्ण अडेनको खाडीलाई विश्वको सबैभन्दा महत्त्वपूर्ण व्यावसायिक मार्गहरूबाट विच्छेद गर्ने प्रयास गरिरहेका छन् । निस्सन्देह, अमेरिकाले इजरायलको सैन्य अभियानलाई बिनासर्त समर्थन दिन पूर्णतया अनुपयुक्त भएको छ र समस्याको सीधा सामना गर्नुको सट्टा चीनलाई मद्दत गर्न आग्रह गरेको छ । संरा अमेरिकालाई अनुकूल हुने सर्तहरूमा चीनको ‘उत्तरदायित्व’ हो भन्ने कथन तयार पार्दै रुस–युक्रेन युद्धमा पनि त्यस्तै गरेको छ ।

अमेरिकी विदेश नीतिले सम्झौताको लागि थोरै ठाउँ छोड्छ । संरा अमेरिकाको लागि कुनै पनि हालतमा पूर्ण रणनीतिक लाभहरूमा जोड दिन्छ । अमेरिकाले शान्तिका लागि आफ्ना विरोधीहरूसँग वार्ता गर्दैन, बरु दबाब वा अन्य माध्यमबाट उनीहरूले अन्ततः आत्मसमर्पण गर्ने छन् भन्ने आशामा दीर्घकालीन रणनीतिक स्थिति कायम राख्ने प्रयास गर्दछ । उदाहरणको लागि युक्रेन युद्धको बारेमा अमेरिकाको स्थिति रूससँग वार्ता वा यसको रणनीतिक स्थानको सम्मान गर्नको लागि होइन, बरु रुसमा रणनीतिक पराजय थोपर्नको लागि हो र अमेरिकी दबाबको अर्को माध्यमको रूपमा नाटोको थप विस्तारको सम्झौता त्याग्न र उत्तर कोरियासँगको शान्ति प्रक्रियालाई असफल बनायो ।

अहिले अमेरिकाले चीनलाई दोष दिएर द्वन्द्वको जिम्मेवारी लिनबाट जोगिने रणनीति लिइरहेको छ । गाजा, यमन, युक्रेन वा अन्य कुनै पनि ठाउँमा ‘चीनले चाह्यो भने शान्ति हुन्छ’ भन्ने सामान्य भाष्य निर्माण गरेको छ । तर, यो शान्ति तब मात्र सम्भव हुन्छ जब चीनले अमेरिकाले तोकेका सर्तहरू मान्छ । उदाहरणको लागि यदि चीनले युक्रेनमा रुसको हारबिना मध्यस्थता गर्नेजस्ता शान्ति स्थापना गर्ने प्रयास गर्छ भने ती शान्ति प्रयासहरूलाई अमेरिकाले तुरुन्तै खारेज गर्छ ।

सकारात्मक पहल गर्दा पनि चीनलाई जहिल्यै पनि द्वन्द्वमा समस्या निम्त्याउने भनेर चित्रण गर्ने प्रयास अमेरिकाले गरिरहन्छ । या त शान्ति रोक्ने वा अर्को पक्षलाई लडाइँ जारी राख्न मद्दत गर्ने देशको रूपमा चीनलाई देखाइएको हुन्छ । अमेरिकाले आफूले चाहेको कुरा चीनले नगरेसम्म चीनलाई विश्व शान्तिका लागि खतरा भएको चित्रण अमेरिका गरिरहन्छ । चीन रुसलाई हानि पुऱ्याउन काम गरोस् भन्ने अमेरिका चाहन्छ । त्यसैगरी, चीन आफ्नो सहयोगी इरानको विरोध गरोस् भन्ने चाहन्छ । यो वास्तविकताले अमेरिकाले यी द्वन्द्वहरूलाई कसरी निरन्तरता दियो भन्ने कुरालाई बुझाउँछ । यसरी अमेरिका राजनीतिको जटिल वास्तविकतालाई विचार नगरी आफ्नो फाइदाबारेमा मात्र सोच्छ । वास्तवमा चीन द्वन्द्वमा कसैको पनि पक्ष नलिने र सन्तुलनको लागि प्रयास गर्ने भूमिकाको लागि सधैँ तत्पर हुन्छ । उदाहरणको लागि दशकौँदेखि शत्रुतामा रहेको इरान र साउदी अरबबिच मध्यस्थता गरेर चीनले अरब क्षेत्रमा शान्ति कायम गर्ने प्रयास गऱ्यो । तर, सबैको हित हुने शान्तिको विपरीत राजनीतिक लाभको मात्रै चिन्ता गर्ने अमेरिकाका लागि यस्तो पहल कदापि स्वीकार्य हुने भएन ।

आज विश्वले सामना गरिरहेका जटिल समस्याहरूलाई प्रभावकारीरूपमा समाधान गर्न रचनात्मक संलग्नता, संवाद र सहकार्य आवश्यक छ । अन्ततः विश्वव्यापी द्वन्द्वबाट सिर्जेको चुनौतीहरूको सामना गर्न अहम्वादी सोच भएको अमेरिका होइन खुला हृदय भएका चीनजस्ता देश र अन्तर्राष्ट्रिय संस्थाहरूबिचको सहयोगी प्रयासहरू आवश्यक पर्दछ ।

***(विभिन्न अन्तर्राष्ट्रिय समाचार ऐजेन्सीको सहयोगमा)***

# गाजा युद्ध सातौँ महिनामा प्रवेश : युद्धविराम अझै अनिश्चित

## मध्यस्थता र वार्ताका लागि सबै पक्ष कायरोमा



गाजा, ७ अप्रिल (एएफपी)। इजरायल र हमासबिचको युद्ध आइतबार सातौँ महिनामा प्रवेश गरेको छ। युद्धविराम र बन्धक रिहाइ सम्झौताको मध्यस्थताका लागि अमेरिका र अन्य वार्ता टोली कायरोमा भेट्ने कार्यक्रम तय भएको छ।

इजिप्टको 'अल-काहेरा न्यूज' का अनुसार अमेरिकी गुप्तचर संस्था सीआईएका निर्देशक बिल बर्न्स, कतारी प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुल रहमान बिन जसिम अल थानी र इजिप्टका मध्यस्थकर्ताले इजरायली र हमास प्रतिनिधिमण्डलबिच आइतबार हुने अप्रत्यक्ष वार्ताका लागि इजिप्टका मध्यस्थता गर्नेछन्।

गाजामा पूर्ण युद्धविराम र इजरायली सेनाको फिर्ताको मुख्य माग रहेको पुष्टि वार्ताअघि हमासले गरेको छ। इजरायली सेनाले गाजामा सात जना सहायताकर्मीको हत्याको आरोपमा दुई जना अधिकारीलाई बर्खास्त गर्न लागेको बताएपछि युद्धविरामको प्रयास भएको हो।

गत अप्रिल १ मा मानवीय सहायता समूह 'वर्ल्ड सेन्ट्रल किचेन (डब्लुसिके)' का कर्मचारीको मृत्यु भएको इजरायली स्वीकारोक्तिपछि घटनाको स्वतन्त्र छानबिनको माग गरिएको छ। डब्लुसीकेका संस्थापक जोस एन्ड्रेसले एबिसी न्यूजसँग भन्नुभयो, "युद्धको छ महिनामा मानवता विरोधी धेरै घटनाहरू भएका छन्। ती घटनाका दोषीलाई कानुनी दायरामा ल्याउनुपर्छ।"

गत हप्ता अमेरिकी राष्ट्रपति जो बाइडेन र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुबिच भएको वार्ताले इजरायललाई वार्तामा बस्न बाध्य बनाएको छ। राष्ट्रपति बाइडेनले 'तत्काल युद्धविराम' गर्न, नागरिकको हत्या कम गर्न र मानवीय अवस्था सुधार गर्न वा त्यसो नगरेमा अमेरिकी सहयोग रोकिन सक्ने पहिलोपटक सशर्त दबाब दिएपछि इजरायल वार्ताका लागि तयार भएको छ।

गाजामा अहिलेसम्मकै सबैभन्दा रक्तपातपूर्ण युद्धको कारण बनेको अक्टोबर ७ मा हमासका लडाकुले इजरायली भूमिमा गरेको अकल्पनीय आक्रमणमा एक हजार १७० जनाको मृत्यु भएको इजरायली तथ्याङ्कले देखाएको छ। उक्त आक्रमणपछि प्यालेस्टिनी लडाकूहरूले करिब २५० इजरायली र विदेशी बन्धकहरूलाई पनि बन्धक बनाएका थिए जसमध्ये १०० को हाराहारीमा गत नोभेम्बर महिनामा भएको युद्धविरामपछि फिर्ता भएका थिए। बन्धक बनाइएका करिब १३० व्यक्ति गाजामा रहेका र ३० भन्दा बढीको मृत्यु भइसकेको हुनसक्ने इजरायली सेनाले बताएको छ।

इजरायली सेनाले आइतबार गाजामा आफ्ना थप चार सैनिक मारिएको घोषणा गरेसँगै अक्टोबरको अन्त्यमा स्थलगत कारबाही सुरु भएयता मृतक इजरायली सैनिकको सङ्ख्या २६० पुगेको जनाएको छ।

इजरायली राष्ट्रपति आइज्याक हर्जोगले 'क्रूर आतङ्कवादी आक्रमण र भयानक नरसंहार' बाट सुरु भएको 'रक्तपातपूर्ण र कठिन युद्ध' को छ महिना बितेको र यो समयमा इजरायलले हमासविरूद्धको कारबाहीलाई निकै प्रभावकारी बनेको उल्लेख गरेको छ।

हमासविरुद्ध इजरायलले गरेको जवाफी कारबाहीमा गाजामा कम्तीमा ३३ हजार ४३८ जनाको मृत्यु भएको छ, जसमा अधिकांश महिला र बालबालिका रहेका छन्। दुई हप्ताको इजरायली आक्रमणले ध्वस्त भएको गाजाको सबैभन्दा ठुलो अस्पताल अल-शिफामा विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) को नेतृत्वमा रहेको टोली अन्ततः अस्पताल परिसरमा प्रवेश गरेको छ।

डब्लुएचओका प्रमुख टेड्रोस अधानोम घेब्रेयेससले गाजा सहरको महत्त्वपूर्ण र ठुलो अस्पताल 'अब मानव चिहान भएको खाली खोल' मा परिणत भएको बताउनुभएको छ। उहाँले डब्ल्युएचओको टोलीले कम्तीमा पाँच वटा शव देखेको बताएको छ।

बाइडेनले इजिप्ट र कतारका नेताहरूलाई पत्र लेख्दै हमासबाट 'सम्झौतामा सहमत हुने र त्यसको पालना गर्ने' प्रतिबद्धता सुनिश्चित गर्न आग्रह गर्नुभएको छ।

नोभेम्बरमा भएको एक साता लामो युद्धविराममा इजरायलले हिरासतमा लिएका प्यालेस्टिनी कैदी र केही बन्धकको आदानप्रदान भएको थियो। त्यसपछि भङ्ग भएको युद्धविरामले पुनः चर्चा पाएको छ।

यसैबिच बेलायती प्रधानमन्त्री ऋषि सुनकले शनिबार भयानक द्वन्द्व अन्त्य हुनैपर्ने बताउनुभएको छ।

उहाँले भन्नुभयो, "हमासका आतङ्ककारीहरूको खतरालाई परास्त गर्न र उनीहरूको सुरक्षाको रक्षा गर्न इजरायलको अधिकारको पक्षमा हामी अडिग छौँ। तर, यो रक्तपातबाट बेलायतलगायत सिङ्गो संसार स्तब्ध भएको छ।"

ड्रोन आक्रमणमा परी डब्लुसीकेका कामदारको ज्यान जाने गरी भएको त्रुटि फेला परेपछि इजरायली सेनाले दुई जना अधिकारीलाई बर्खास्त गर्ने घोषणा गरेको छ।

हमासले रातको समयमा हिँडिरहेका सहायता गाडीहरू जफत गरेको 'गलत अनुमान' का कारण घटना भएको इजरायली सैन्य कमान्डरले बताएका छन्।

अस्ट्रेलियाले सहायताकर्मीहरूको मृत्युमा इजरायलको प्रतिक्रियाको आलोचना गरेको छ। आक्रमणमा मारिनेमा अस्ट्रेलियाली नागरिक लालजावमी 'जोमी' फ्रैङ्कम पनि रहनुभएको थियो।

अस्ट्रेलियाले आफ्नो अनुसन्धानमा 'पारदर्शिता' सुनिश्चित गर्न इजरायलसँग काम गर्न एक विशेष सल्लाहकार नियुक्त गर्ने जनाएको छ।

आक्रमणपछि डब्लुसिकेको गाजा अभियान स्थगित गरिएको छ भने अन्य विश्वव्यापी सहायता समूहहरूले यस क्षेत्रमा राहत कार्य लगभग असम्भव भएको बताएका छन्।

बाइडेन र नेतन्याहूको टेलिफोन वार्ताको केही घण्टामा नै अश्दोद बन्दरगाह र एरेज सीमा पार गरेर 'अस्थायी' सहायता वितरण गर्न अनुमति दिने इजरायलले घोषणा गरेको छ।

संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेरेसले छरिएर रहेका उपायभन्दा पनि आमूल उपायको खोजी गर्न आह्वान गर्नुभएको छ।

गाजाको नागरिक सुरक्षा निकायका प्रवक्ता महमुद बासलले शनिबार एएफपीसँग कुरा गर्दै गाजामा २४ लाख मानिसका लागि सहायता पर्याप्त नभएको बताउनुभएको छ।

करिब १५ लाख गाजावासीले इजिप्टसँगको सीमा नजिक दक्षिणमा रहेको रफाहमा आश्रय लिइरहेका छन्। शरणार्थी अवस्थामा बसेकी ५० वर्षीय महिला सिहाम अचुरले आफ्नो परिवार बस्दै आएको पालबाट आफूलाई सुरक्षित महसुस हुने गरी घरमा फिर्ता हुने वातावरण बनाइदिन आग्रह गर्दै भन्नुभयो, "हामी सामान्य नागरिक हौँ। युद्धसँग हाम्रो कुनै संलग्नता छैन। आफ्नो घर फर्किने वातावरण छिट्टै बनोस्।"

# 'रोबोट्याक्सी' सार्वजनिक गर्ने मस्कको घोषणा

टेक्सास, ७ अप्रिल (एएनआई)। सामाजिक सञ्जालमार्फत टेस्ला कार उत्पादन कम्पनीका कार्यकारी प्रमुख 'एलन मस्कले' आठ अगस्टमा 'रोबोट्याक्सी' को सञ्चालन गर्ने घोषणा गर्नुभएको छ। यो टेस्लाको सबैभन्दा महत्त्वपूर्ण उत्पादनमध्ये एक हुने मस्कले बताउनुभयो।

टेस्लाले मानव नियन्त्रण नरहने कार बनाउने र टेस्ला कार सफ्टवेयरको माध्यमबाट चालकरहित सवारीलाई प्रोत्साहन गर्दै जाने मस्कले यस पहिले सन् २०१९ मा नै घोषणा गर्नुभएको थियो।

कारहरूले पूर्णरूपमा स्वायत्त ट्याक्सीको रूपमा सडकमा आवागमन गर्न र विना कुनै मानवीय सहयोग यात्रुहरूलाई ट्याक्सी चढाउने र झार्ने गर्नुका साथै राम्रो आम्दानी गर्न सक्ने उहाँले बताउनुभयो।

अप्रिल सन् २०१९ मा टेस्लाले सन् २०२० सम्ममा 'रोबोट्याक्सी' सञ्चालन गर्न थाल्ने उहाँले बताउनुभएको थियो। टेस्ला कम्पनीद्वारा उत्पादित स्वायत्त कार ११ वर्ष टिक्ने र १६ लाख किलोमिटरभन्दा बढी चल्ने र यसबाट कम्पनी र कार मालिकले प्रत्येक वर्ष ३० हजार अमेरिकी डलर बराबरको नाफा कमाउन सक्ने उहाँले बताउनुभयो।

यद्यपि, कहिलेकाहीँ घोषणा गरिएका काम सोचे अनुरूप पूरा हुन नसक्ने तर यसले कुनै न कुनै दिन सार्थकता पाउनेसमेत उहाँले बताउनुभयो। "कहिलेकाहीँ मैले सोचेको काम समयमा नभए पनि मैले सोचेको कुरा कालान्तरमा टेस्ला समूहले गरेको छ," उहाँले भन्नुभयो।

उपभोक्ताहरूले 'नयाँ टेस्ला मोडल-३' कारको खरिद मूल्य ४० हजार अमेरिकी डलरमा अतिरिक्त १२ हजार अमेरिकी डलर मूल्य थपेपछि पूर्णरूपमा स्वचालित क्षमताको कार खरिद गर्न सक्ने उहाँले बताउनुभयो।

पूर्ण स्व-ड्राइभिङ क्षमता एक महिनाको १९९ अमेरिकी डलर तिरेर 'सदस्यता व्यापार मोडेल' को आधारमा खरिद गर्न सकिने उहाँले जानकारी दिनुभयो। 'सदस्यता व्यापार मोडेलअनुसार ग्राहकले उत्पादन वा सेवामा पहुँचको लागि नियमित अन्तरालमा पुनरावृत्ति मूल्य तिर्नुपर्छ।

## विश्व सङ्क्षेप

# स्लोभाकिया राष्ट्रपति चुनावमा पेलेग्रिनीको जीत

ब्राटिस्लाभा, ७ अप्रिल (सिन्ह्वा)। स्लोभाकियाको तथ्याङ्क कार्यालयले स्लोभाकियाको राष्ट्रिय परिषद्का वर्तमान सभामुख पिटर पेलेग्रिनीले राष्ट्रपतीय निर्वाचनको दोस्रो चरणमा विजय हासिल गरेको जानकारी गराएको छ।

कुल मतको ९९ प्रतिशत मतगणना भइसकेको र यसबाट पेलेग्रिनीले ५३.३८ प्रतिशत र पूर्व विदेशमन्त्री इभान कोर्कोकले ४६.६१ प्रतिशत मत पाउनुभएको देखिएको छ।

पेलेग्रिनीले सन् २०१८ देखि २०२० सम्म स्लोभाकियाको प्रधानमन्त्रीको रूपमा काम गर्नुभएको थियो भने कोर्कोकले २०२० देखि २०२२ सम्म देशको विदेश मन्त्रीको रूपमा जिम्मेवारी सम्हाल्नुभएको थियो।

मार्च २३ मा भएको नौ जना उम्मेदवारहरू सम्मिलित पहिलो चरणको निर्वाचनमा कोर्कोकले ४२.५१ प्रतिशत र पेलेग्रिनीले ३७.०२ प्रतिशत मत पाउनुभएको थियो।

स्लोभाकियाको राष्ट्रपति प्रत्यक्ष निर्वाचनमा छनोट हुने परम्परा रहेको छ। वर्तमान राष्ट्रपति जुजाना कापुटोभाको पाँच वर्षको कार्यकाल यही वर्षको जुन १५ मा सकिनेछ उहाँले यो निर्वाचनमा उम्मेदवारी दिनुभएको थिएन।

# दक्षिण चीनमा डुङ्गा डुब्दा आठ जना बेपत्ता

सान्या, ७ अप्रिल (एएफपी)। दक्षिण चीनको हाइनान प्रान्तको दक्षिण पश्चिमी तटमा माछा मार्ने डुङ्गा र पनामाको एउटा कन्टेनर जहाज एकआपसमा ठोक्किँदा आठ जना बेपत्ता भएको प्रान्तीय सामुद्रिक खोज तथा उद्धार केन्द्रले आइतबार जनाएको छ।

'युएनन आओयु ३६०६२' नामक माछा मार्ने डुङ्गा बुधबार मध्यरातमा लेदोङ काउन्टीको यिङगेहाई टाउनबाट २२ नटिकल माइल दक्षिणपश्चिममा पनामाको कन्टेनर जहाज 'एसआईटीसी डानाङ' सँग ठोक्किएको थियो।

पानीको मुनिका रोबोटहरू र टाढाबाट सञ्चालित पनडुब्बीजस्ता उन्नत प्रविधिहरूको सहयोगमा खोजी र उद्धार प्रयासहरू जारी रहेका छन्।

माछा मार्ने डुङ्गा डुबेको स्थान शनिबार निर्धारण गरिएको थियो। तर, उक्त स्थानमा पानीको तीव्र बहाव र डुबेको जहाजको चारैतिर माछा मार्ने जालको कारण गोताखोरको खोजी तथा अभियानमा कठिनाइ भएको छ।

हराइरहेका व्यक्तिको खोजीका लागि शनिबार उद्धार डुङ्गा, हवाईजहाज र उद्धारकर्मी पठाइएको थियो।

# अमेरिकामा गोली चल्दा दुई जनाको मृत्यु, सात घाइते

न्यूयोर्क, ७ अप्रिल (सिन्ह्वा)। संयुक्त राज्य अमेरिकाको फ्लोरिडा राज्यको राजधानी मियामीको नगर डोरालमा गोली चल्दा दुई जनाको मृत्यु हुनुको साथै अन्य सात जना घाइते भएको स्थानीय कानुन प्रवर्तन अधिकारीले बताएका छन्। मियामीको मनोरञ्जनस्थल सिटीप्लेस डोरालको बारमा बिहान सबेरै ग्राहकहरूबिच झगडा भएपछि सुरक्षा गार्ड, प्रहरी अधिकारी र बन्दुकधारीबिच गोली हानाहान भएको थियो।

उक्त घटनामा बन्दुकधारी र सुरक्षा गार्डको मृत्यु भएको छ। डोराल सहरका एक प्रहरी अधिकारी र अन्य छ जनालाई गोली लागेको छ।

घाइते प्रहरी अधिकारीलाई अस्पतालबाट डिस्चार्ज गरिएको छ भने दुई जनाको अवस्था गम्भीर रहेको बताइएको छ।

डोराल प्रहरी र सङ्घीय कानुन प्रवर्तन विभागले सशस्त्र आक्रमणसम्बन्धमा अनुसन्धान भइरहेको सामाजिक सञ्जालमार्फत प्रहरीले जानकारी दिएको छ।

अमेरिकी देशहरूमा बन्दुकबाट हुने मृत्युको सङ्ख्या सबैभन्दा धेरै रहेको छ। बन्दुक हिंसा अभिलेखअनुसार सन् २०२४ मा हालसम्म अमेरिकामा बन्दुक आक्रमणबाट चार हजार २०० भन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने सात हजार ५०० भन्दा बढी घाइते भएका छन्।

# अस्ट्रेलियामा बाढीका कारण जनजीवन निकै प्रभावित

सिड्नी, ७ अप्रिल (एएफपी)। अस्ट्रेलियाको न्यू साउथ वेल्समा व्यापक वर्षपछि आइतबार आएको बाढीका कारण सयौँ व्यक्ति प्रभावित भएका छन्।

उत्तरपूर्वी सिड्नीमा भारी वर्षापछि बाढी र डुबानको जोखिमबाट सुरक्षा दिन करिब ३०० घर खाली गराइएको आपत्कालीन सेवाहरूले जनाएका छन्।

सङ्घीय विपद् व्यवस्थापन मन्त्री क्याथरिन किङले बाढीको पानीले छोटो समयमा नै राज्यभरि व्यापक क्षति पुऱ्याएको बताउनुभएको छ।

"न्यू साउथ वेल्स सरकारले क्षतिको आँकलन गर्न र यस विपत्तिको प्रभाव बुझ्ने कार्यलाई जारी राखेको छ," मन्त्री किङले भन्नुभयो।

आपत्कालीन सेवा राज्यमन्त्री जिहाद डिबका अनुसार उद्धारकर्मीले शुक्रबारदेखि समाचार तयार पार्दासम्म करिब २०० घरपरिवारलाई उद्धार गरी सुरक्षित स्थलमा पुऱ्याएका छन्।

उहाँका अनुसार करिब पाँच हजार स्वयंसेवकले रातभर काम गरेर प्रभावितलाई सहयोग गरेका थिए।

राज्यका आपत्कालीन आयुक्त कार्लीन योर्कले बाढी प्रभावित क्षेत्रमा बाढीजन्य जोखिमबाट बच्न नियमित सूचना जारी गरिरहेको जानकारी दिनुभयो।

जलवायु परिवर्तनले बाढी, डढेलो र चक्रवातजस्ता प्राकृतिक प्रकोपको जोखिम बढाउँछ भनेर अनुसन्धाताहरूले बारम्बार चेतावनी दिँदै आएका समय पछिल्लो डेढ वर्षमा यस क्षेत्रमा सात पटकभन्दा बढी बाढी आएको छ।

अधिकारीहरूले सफाइ खर्च र आपत्कालीन आवासका लागि भुक्तानीमासहयोग गर्न प्रकोप सहायता सुरु गरेका छन्।

## वडाध्यक्षको डायरीबाट

# धम्की दिएको आधारमा सिफारिस दिनु हुन्न

कुशल

प्रथम प्रहरको समय थियो । वडा कार्यालयमा सेवाग्राहीहरूको अलि घुइँचो थियो । म एक एक गरी सेवाग्राहीहरूको कुरा सुनिरहेको थिएँ । त्यहीँ घुइँचोमा एक जना बहिनी पनि सिफारिस लिन आएकी थिइन् । उनको सिफारिस अङ्ग्रेजीमा सम्पत्ति मूल्याङ्कनको थियो । अङ्ग्रेजीमै अरू पनि तीन चार वटा सिफारिस लिन आएकी थिइन् । उनको निवेदन देख्नेबित्तिकै ती बहिनी विदेशमा जान लागेकी भन्ने अन्दाज गरिहालेँ । मैले सोधिहालेँ, "कुन देश जान लागेकी हो बहिनी ? मास्टर पढ्न जान लागेकी हो ?" बहिनीले जवाफमा भनिन्, "हो सर, म मास्टर पढ्नको लागि अस्ट्रेलिया जान लागेकी हुँ । त्यही भएर सिफारिस लिन आएकी हुँ ।" मैले त्यस बहिनीलाई नरम स्वरमा भनेँ, "बहिनी, नयाँ पुस्ताका सबै विद्यार्थी कोही पढ्न र कोही कामको खोजीमा विदेश जान्छन् र विदेशमा नै बस्छन् । त्यहीँ भएर तपाईँ पढिसकेपछि नेपालमै फर्कनु जाती हुन्छ । उच्च शिक्षा अध्ययन गरेपछि देशको लागि योगदान गर्नुपर्दछ । सबै युवा र विद्यार्थी विदेश गए देशमा कसले नेतृत्व गर्ने ? देश युवाविहीन हुन लागिसक्यो । गाउँ घरमा मलामी लाने पनि महिलाले गर्न थाले । पुरुषको सङ्ख्यामा कमी भएर महिला सबै ठाउँमा जानैपर्ने बाध्यता भयो । त्यही भएर बहिनी नेपालमा आउनुपर्छ ।" उनले हुन्छ भनी जवाफ फर्काइन् । मैले निवेदनमा सिफारिसको लागि तोक लगाउँदै गएँ । तर, एउटा सम्पत्ति मूल्याङ्कनको निवेदनमा मलाई शङ्का लाग्यो । म तोक नलाइकन निवेदन पढेँ । मलाई शङ्का लागेर बहिनीलाई भनिहालेँ, "बहिनी, यो सम्पत्ति मूल्याङ्कनको लागि पेस गरेको जग्गाको कित्तामा रोक्का निवेदन हालेको जस्तो लाग्छ ।" त्यत्ति भनेर म आफ्नो फाइल राखेको दराज खोलेर हेर्न थालेँ तर मैले त्यो फाइल भेटाउन सकिनँ । त्यसपछि मैले बहिनीलाई भोलिसम्म पर्खन आग्रह गरेँ । रोक्का निवेदन भए छलफल नगरी सिफारिस दिन मिल्दैन ।

मैले सिफारिस दिन मिल्दैन भनेपछि उनको अनुहार रातोपिरो भयो । त्यसपछि उनले आफ्नो बुबालाई कल गरिन् र मलाई फोनमा कुरा गर्न भनिन् । मैले पनि फोनमा बहिनीकी बुबालाई रोक्का भएजस्तो लागेकोले तत्काल सिफारिस दिन नमिल्ने र भोलि प्रथम प्रहरमा वडा कार्यालयमा आउन अनुरोध गरेँ । त्यसपछि बहिनी वडाबाट बाहिर गइन् ।

वडा कार्यालयमा सेवाग्राहीहरू बाँकी नै थिए । मेरो अगाडि ज्येष्ठ जनप्रतिनिधि पनि हुनुहुन्थ्यो । म फेरि अर्को सेवाग्राहीसँग कुराकानी गर्न थालेँ । त्यस बहिनी गएको दस मिनेटमा नै त्यस बहिनीकी बुबा राम कुम्पाख (नाम परिवर्तित) आए । सोफामा बस्नेबित्तिकै रामले जङ्गिएर भने, "तैँले किन मेरो छोरीको सिफारिस रोकेको ? तँलाई सिफारिस रोक्ने अधिकार कसले दियो ? बिनाकारण सिफारिस रोक्न पाइन्छ र ? कसले मेरो निजी जग्गामा सिफारिस गर्न रोक्का राखेको हो ? त्यस रोक्का राख्ने व्यक्तिलाई पनि म छोड्दिनँ । तँ सिफारिस नगर्नेलाई पनि बाँकी राख्दिनँ । तँ हाम्रो भोट लिएर जितेको होइन ? तेरो काम सिफारिस दिने होइन र ? तँलाई यसरी हामीलाई सिफारिस रोक्नलाई भोट दिएको हो ? विदेश जाने छोरीलाई यसरी सिफारिस रोक्ने हो ? बच्चाको भविष्यमाथि यसरी खेलबाड गर्न पाइन्छ र ? तँ मेरो घर अगाडि मात्र आएर हेर । तेरो हिसाबकिताब सबै मैले राखेको छु । सिफारिस दिने भए देऊ नभए बाँकी राख्दिनँ । शिक्षित वडाध्यक्ष भएर जनताको मर्का नबुझ्ने के काम ? तँ वडाध्यक्ष भएर वडामा नबसी कहाँ जान लागेको ? जनताको भोट लिएर यसरी वडा छोडेर जान पाइन्छ ?"

उनको गाली र व्यक्तिगत आक्षेप सुनेर म अवाक्क भएर सुनिरहेँ । उनको गाली सुनेपछि मैले नम्र स्वरमै भनेँ, "मेरो १ बजे अस्पतालमा जानु छ । एक जना दाइ दुर्घटना भएर भर्ना हुनुभएको छ । उहाँ र उहाँको परिवारसँग र साथै दुर्घटना गराउने परिवारसँग अस्पतालमा भेट्ने समय दिएको छु । भोलि बिहान प्रथम प्रहरमा आउनुहोला । अनि तपाईँको छोरीको सिफारिसबारेमा कुरा गरौँला ।" मेरो जवाफ सुनेर उनी झन् ठुलो स्वरले कराउन थाले । ज्येष्ठ वडा सदस्य र अरू सेवाग्राहीहरूले वडाध्यक्षलाई मनपरी नबोल्न आग्रह गर्दै थिए । मैले पनि सभ्य भाषा प्रयोग गर्न अनुरोध गरेँ । तर, उनले असभ्य र फोहर शब्दहरू प्रयोग गर्दै मलाई गाली गर्न थाले ।

करिब आधा घण्टा जति उनले मलाई गाली गर्दै रहे । उनको कुरा रोक्ने वडामा कोही भएनन् । मानौँ, त्यहाँ हामी अपराधीजस्तै उनको गाली सुनिरहनुपरेको थियो । केही समय उनी वडामा मलाई गाली गर्दै कराएर बाहिर निस्के । वडाबाहिर पनि अलि बेर कराइरहे । मैले वडाबाहिरको सिसी क्यामेरा हेरेँ । केही बेर कराएपछि उनी घर गए । त्यसपछि म आफ्नो काममा गएँ ।

वडा कार्यालयबाट बाहिर त निस्केँ । तर, मेरो कान र मस्तिष्कमा उनको गाली र फोहरी शब्दहरू गुन्जिरह्यो । यसअघि कसैबाट पनि यस्तो गालीका शब्दहरू सुनेको थिइनँ । मनमा सोच्दा सोच्दै म कतिखेर मध्यपुर अस्पताल पुगेँ थाहा नै भएन । उनको गालीले मलाई प्रेसर बढेको र ज्वरो आएको जस्तो अनुभव भयो । कस्तो कस्तो क्षण पनि भोग्नुपर्ने जस्तो लाग्यो । यो समाजमा कति गैरजिम्मेवार र नालायक मान्छे पनि हुनेरहेछ जस्तो लाग्यो । वडाध्यक्षलाई चौबिस घण्टा सिफारिस रोक्ने अधिकार पनि रहेनछ । मानिसहरू जनताको मत ल्याएर जितेका जनप्रतिनिधिलाई पनि तल्लोस्तरको भाषा प्रयोग गर्दा रहेछन् ।

अस्पतालबाट फर्कँदा करिब सात बजिसकेको थियो । मेरो जीउ भारी नै थियो । मैले परिवारको बिचमा यो कुराको विषयमा छलफल गर्नुपर्ने आवश्यकता ठानिन किनभने परिवारका मानिसलाई पनि टेन्सन होला भन्ने अनुभव गरेँ । फेरि मेरो मनमा प्रश्न उठ्न थाल्यो । भोलि वडा कार्यालयमा आएर अचानक ममाथि हात हाल्यो भने के गर्ने ? उनको व्यवहारले भोलि मलाई अफिसमा नपिट्ला भन्ने भन्न सकिँदैनथ्यो । त्यही भएर यस विषयमा जनप्रतिनिधिहरू र वडाका गन्यमान्य व्यक्तिसँग सल्लाह लिनु आवश्यक ठानेँ र सबैलाई मोबाइलमार्फत वडामा भएको घटनाबारे ब्रिफिङ गरेँ । भोलि १० बजे निर्वाचित समितिको बैठक बोलाएँ । मैले सबैलाई एउटा दुइटा प्रश्न सोधेँ, "भोलि वडा कार्यालयमा आएर अचानक मलाई हात हाल्न आए मैले जवाफ दिने कि नदिने ? मलाई हात हाले आफू चुप लागेर बस्ने कि प्रत्याक्रमण गर्ने ?" जनप्रतिनिधि साथीहरू र वडाका गन्यमान्य व्यक्तिले भने, "वडाध्यक्षलाई हातपात गर्न मिल्दैन । हातै हालि हाले प्रहरी बोलाउनुस् । कर्मचारीहरूलाई सतर्क अवस्थामा राख्नुस् । सिफारिसको विषयमा टोलवासीसँग छलफल चलाउनुस् । त्यसपछि मात्र सिफारिस अगाडि बढाउनुस् । धम्की दिएको आधारमा सिफारिस दिनुहुन्न । धम्की दिएकै आधारमा सिफारिस दिने हो भने सबै प्रकारका सिफारिस दिनुपर्ने हुन्छ । वडाध्यक्षको छवि राम्रो हुँदैन । तपाईँको पछाडि हामी छौँ ।" जनप्रतिनिधि र साथीहरूसँग राय सुझाव लिएपछि मसँग भएको नैराश्यता र हिनता हट्यो । एक प्रकारको ऊर्जा शरीरमा सञ्चार भएको अनुभव भयो । नयाँ उत्साह प्राप्त भएको अनुभव भयो । त्यसपछि कर्मचारीहरू सबैलाई कल गरेर घटनाबारे जानकारी गराउनुको साथै सतर्क रहन अनुरोध गरेँ ।

भोलिपल्ट म करिब ११ बजे वडा कार्यालयमा पुगेँ । मभन्दा अगाडि नै जनप्रतिनिधि र वडाका गन्यमान्य किसान साथीहरू पुगिसकेका रहेछन् । म १० बजे नै वडाकार्यालयमा पुग्ने सोच राखेको थिएँ । तर, बिचमा एउटा काम परेको कारण समयमै कार्यालयमा पुग्न सकिएन । म पुग्दासम्म रामकी श्रीमती र छोरी अनि टोलवासीहरूले वडा कार्यालय भरिसकेको रहेछ । मैले रामकी श्रीमतीलाई आफ्नो कुरा राख्न अनुरोध गरेँ । उनले भनिन्, "मेरी छोरीको सिफारिस किन रोक्नुभएको हो ? विदेश जाने छोरीको पनि सिफारिस रोक्ने हो ?" मैले जवाफमा भनेँ, "तपाईँकी छोरीको निवेदनमा सम्पत्ति देखाइएको जग्गामा रोक्का राखेको जस्तो लागेर आजसम्मलाई बुझेर हेर्नको लागि मात्र सिफारिस रोकेको हुँ । वडामा आउने सबै निवेदनमा आउनेबित्तिकै तोक लगाउनुपर्छ भन्ने होइन । तपाईँको निवेदनमा शङ्का लागेर एक दिनको लागि सिफारिस रोकेको हुँ । अहिले वडावासी गन्यमान्यजन आएका छन् । साथै जनप्रतिनिधि पनि आएका छन् । तपाईँको निवेदनमा रोक्का पनि रहेछ । मैले रोक्का निवेदन भेटाएको छु । तपाईँको जग्गामा मोहीयानी हक जग्गा जोत्नेलाई दिनुपर्ने रहेछ । त्यही भएर रोक्का परेको रहेछ । त्यस रोक्कालाई बेवास्ता गर्न मिल्दैन । तपाईँले जग्गा गरिरहनुभएको पनि होइन । तपाईँको श्रीमान्ले हिजोका व्यवहारप्रति माफी मागेमा यस सिफारिस विषयमा छलफल गर्न सकिन्छ ।"

कुरा भनिरहँदा राम वडामा आइपुगे । मेरो कुरा सुनेपछि उनी हिजोजस्तै कराउन सुरु गरे । किसान साथी र जनप्रतिनिधि सबै भएकाले उनलाई साथीहरूले जवाफ फर्काए । मैले पनि जवाफ फर्काएँ । साथीहरूले भने, "जनताका निर्वाचित वडाध्यक्षलाई तथानाम गाली गर्न पाइन्छ ? यो तपाईँको घर होइन । यहाँ नरम भाषा प्रयोग गर्नुस् । वडाध्यक्षलाई शङ्का लागे एक दिनभन्दा बढी सिफारिस रोक्न सक्छ । जग्गा जोतिरहनेलाई हक नदिई नाम भयो भन्दैमा आफैँले मात्र सम्पत्ति खाने हो ? छलफल गरौँ । के कति कारणले सिफारिस नगरेको हो ।"

मैले जवाफमा भनेँ, "हिजो ज्येष्ठ जनप्रतिनिधि भएरमात्र मैले कडा भाषा प्रयोग नगरेको हुँ । मलाई निवेदनउपर शङ्का लाग्नुका साथै निवेदनमा उल्लेख भएका जग्गावालाको बारे मलाई पूर्ण ज्ञान नभएकोले सिफारिस रोक्न खोजेको हुँ । हिजो गाली गरेको सबै आज हिसाबकिताब हुनुपर्दछ । हिजोको व्यवहारको लागि माफी नमागेसम्म आज सिफारिसबारे कुनै पनि छलफल हुँदैन ।" मेरो कुराले राम र श्रीमती झनै रिसाएर बोल्न थाले । त्यसपछि म चुपचाप सुनिरहेँ । साथीहरूले उनीहरूलाई प्रतिवाद गरे । वडामा हानथापजस्तै देखियो । मैले कुनै पनि हालतमा छलफलमा कुरा नमिलेसम्म सिफारिस दिन नमिल्ने अडान लिइरहेँ । दिनभरि जस्तो वडामा त्यस विषयमा छलफल चलिरह्यो । अन्तमा, जग्गा गरिरहने वास्तविक मोहीलाई जग्गा नदिएसम्म वडाबाट त्यस रोक्का भएको जग्गाको वडाले सिफारिस दिन नहुने र त्यसको लागि आवश्यक पहल वडाले गर्नको लागि रामले थप छलफलको लागि वडामा निवेदन राख्ने अनि जग्गाको विषयमा छलफल हुने निचोड आयो । त्यसपछि मैले औपचारिकरूपमा बैठक समापन गरेँ ।



# घोडेजात्राको संस्कृति

लालबहादुर भुजेल

वसन्त ऋतुको आगमनसँगै काठमाडौँको टुँडीखेलमा मनाइने उल्लासमय पर्वको रूपमा घोडेजात्रालाई लिने गरिन्छ । यसपालिको घोडेजात्रा चैत २६ गते परेको छ ।

नेपाली सेनाले घोडाहरूलई उचित लालनपालन गरेर प्रशिक्षण दिने गर्छ र यो चाडमा तिनीहरूको कला-कौशल कुशलतापूर्वक प्रदर्शन गरिन्छ । प्रतियोगी टीमहरू पुरस्कारको भागीदारी हुन्छन् । यो विशेषखालको परम्परागत राष्ट्रिय पर्व हो । घोडेजात्रा सांस्कृतिक पर्वको रूपमा मनाउनुमा केही जनमानसमा प्रचलित जनश्रुतिहरू छन् । जुन देहायअनुसार छन् :

**जनश्रुति १**

राणाकालमा प्रधानमन्त्री जुद्धशमशेर विदेश भ्रमण गर्ने क्रममा उनले घोडादौड देखेछन् । उनी नेपाल फर्केपछि लाजगालले पनि नेपालमा घोडा दौड संस्कृतिको थालनी गरे जुन हालसम्म निरन्तरता पाइरहेको छ ।

**जनश्रुति २**

काठमाडौँ उपत्यका असङ्ख्य देवी-देवताका मूर्तिहरू, सांस्कृतिक, धार्मिक सम्पदाहरूले भरिपूर्ण छ । जस्तै -जय बागेश्वरी, नक्साल भगवती दिदी-बहिनीको रूपमा गनिन्छ । प्राचीन धार्मिक कथनअनुसार काठमाडौँ टेबहालकी सङ्कटा, भद्रकाली, असनकी देवी, म्हैपी, नरदेवीलाई पनि सन्ततिकै रूपमा लिइन्छ । एउटै सन्तानबिच पनि काठमाडौँकी लुटेदेवी विपन्न थिइन् । अन्य दिदीबहिनीहरूले बेला-बखतमा भोजभतेर, तडकभडक गर्दा पनि उनी लाचार भएर बस्नुपर्ने अवस्था विद्यमान थियो । खाना खाँदै गर्दा आफ्नो खानामा विषालु सर्प भेटेर सबै खाना फालेको ठाउँ वरपर सुनैसुन भएछ । त्यो वैभव प्राप्त भएपछि दरिद्र 'लुटदेवी' धनीमानीमा परिणत भइन् । दिदीबहिनीहरूको फूर्तिफार्तिको परिणामस्वरूप इर्षालु बनेर उनले मङ्सिर कृष्ण चतुर्दशीको दिन पशुपतिको दिवङ्गत आत्माहरूको स्मरण गर्दै अर्को 'बाला चतुर्दशी' पर्व सञ्चालन गर्न थालिन् ।

**जनश्रुति ३**

फागु पर्वको विसर्जनसँगै चैत्र कृष्ण अष्टमीको दिन, पशुपति क्षेत्रबाट एक शिवलिङ्ग ल्याएर, काठमाडौँस्थित ब्रह्मटोलको बुद्ध विहारमा राखिन्छ । यस्तो नेवारी चालचलनलाई 'लुकेको देवता' 'सुकुमाद्यो' भनिन्छ । सो देवतालाई पिशाच, चतुर्दशीमा नुहाइधुवाइ गराई तामसी भोजन गराइन्छ । शिव गण, नन्दी-भृङ्गी, भूत-प्रेत, पिशाचलाई पूजा गरेमा मुलुकभरि नै दु:खकष्ट, बाधा-अड्चन हट्ने विश्वास लिइन्छ । स्मरणरहोस्, घोडेजात्राको एक दिन अगाडि चैत्र कृष्ण चतुर्दशीको दिनलाई 'पिशाच चतुर्दशी' को नामले चिनिन्छ ।

काठमाडौँको चावहिल गणेशस्थान, नक्साल भगवती, जयबागेश्वरी र पशुपतिको वत्सलामा विशेषजात्रा मनाउने सिलसिलामा काठमाडौँका पुराना नेवारवासीहरूले 'पाहाँ चऱ्हे पर्व' मनाउने गर्छन् । यो पर्वले सभ्यताको सन्देश सम्प्रेषण गरेको पाइन्छ । प्रत्येक घर, बहाल, टोल, बस्तीमा महादेव लुकेर बसेका हुन्छन् भन्ने सोच बनाएर प्रत्येक कुना-काप्चा, घर-आँगनमा सफा-सुग्घर राख्ने गरिन्छ । एक पटकको कुरा हो, शिव-पार्वतीबिच केही कुरामा मनोमालिन्य भई पार्वती रिसाएर तिमीले 'मांशाहार गर' भनिछन् । भोलेबाबाले पनि तत्काल पिशाचको रूप बदलेर माशांहार गर्न थालेकाले, यस दिनलाई पिशाच चतुर्दशी भन्न थालिएछ ।

**जनश्रुति ४**

भारतका कामरू कामाक्षबाट काठमाडौँका शाश्वतबज्र नामका तान्त्रिकले अलौकिक तन्त्र साधनाको मद्दतले त्यहाँको भद्रकाली माईलाई काठमाडौँ ल्याई रानीपोखरी नजिकै रहेको जमलको भुइँमा राखी पिसाब फेर्न गए । जमिनमा आफूलाई राखेर अपमान गरेको भनी देवी तान्त्रिक फर्केपछि रिसाइन् । देवीलाई जुरूक्क उठाएर लैजान खोज्दा उठाउन सकिएन र देवीले पनि अन्यत्र नजाने भनी अड्डी लिइन् । तान्त्रिकको इच्छामा कुठाराघातपर्नेदेखि उनले देवीलाई अनुनय-विनय गरी आफूले एउटा ऐतिहासिक मौलिक घोडे जात्राको शुभारम्भ गर्ने मनसायले जमलदेखि अलि पर टुँडीखेलको छेउछाउमा राख्न चाहेको अवगत गराए । तान्त्रिकको कुराले फकिएकी देवीलाई बोकेर लगे र अहिलेको टुँडिखेलको पूर्वपट्टि भद्रकाली परिसरमा स्थापना गराई वर्षैपिच्छे घोडेजात्रा पर्वलाई व्यवस्थित र सुसंस्कृत ढङ्गले चलाएको किंवदन्ती छ ।

**जनश्रुति ५**

सरकारीस्तरबाट मान्यता प्रदान गरिएको यो जात्रा विश्वकै मौलिकता जोडिएको नेपालको अद्भूत संस्कृति र परम्पराको द्योतक हो । टुँडिखेलमा सैनिक खेलको प्रदर्शन गर्नुको साथै विविध अश्वकलाको माध्यमले सँगै रहेकी भद्रकाली मातालाई खुसी तुल्याउनु जात्राको मूलभूत उद्देश्य हो भने संस्कृति, संस्कार र परम्परालाई जीवन्त राखी नेपाल र नेपालीको पहिचान कायम गर्नु नेपालीको कर्तव्य हो ।

हनुमानढोका परिसर वसन्तपुरको कुमारी घरबाट जीवित देवी कुमारीलाई घोडचढीसहित बग्गीमा राखी टुँडिखेल ल्याएपछि सेनाको सलामी अर्पण गरिन्छ र खास घोडेजात्रा (घोडा दौडाएर) शुभारम्भ हुन्छ । घोडेजात्राको श्रेय सबै नेपाली सेनामा निहित छ । घोडेजात्राको प्रचलनपश्चात् चैत्र कृष्ण औँशीको दिन बिहान सखारै भद्रकालीको दर्शन गर्ने परम्परा बसेको पाइन्छ । तत्काली राजा भारदारहरू भद्रकालीको दर्शन गर्ने हेतुले घोडामा सवार भई जाने गर्थे ।

लुकुवा महादेवको मूर्ति ऊँ बहालमा अहिले पनि जस्ताको तस्तै देख्न पाइन्छ । एक वर्षसम्म जमिनमुनि रहने यो मूर्तिलाई घोडेजात्राको स्तुति गरिन्छ ।


## हार्दिक समवेदना



जन्म
१९९७/१०/१३

निधन
२०८०/१२/२३

हाम्रा आत्मीय मित्र रामप्रसाद बासीकी ममतामयी माता **मिश्री बासी**को दु:खद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा धैर्यधारण गर्न सकून् भनी शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**साथीहरू**

| | | | |
|---|---|---|---|
| रवीन्द्र प्रजापति | विश्वनाथ प्रजापति | न्हुछेबहादुर कासिछ्वा | निर्मला मानन्धर |
| विष्णुप्रसाद जरेजु | सिद्धिराम प्रजापति | भीमबहादुर प्रजापति | तिलकशोभा शाक्य |
| श्याम लाखेमरू | दशराम कोजु | न्हुछेराम प्रजापति | द्वारिकामैया प्रजापति |
| लक्ष्मीप्रसाद सैंजु | पुण्यराम कुसी | विक्रम श्रेष्ठ | रूकुमनि श्रेष्ठ |
| शङ्कर नकर्मी | लक्ष्मीप्रसाद कुसी | रत्नकुमार प्रजापति | लक्ष्मीसुन्दर प्रजापति |
| बुद्ध नकर्मी | लक्ष्मीसुन्दर लवजु | इन्दिरा श्रेष्ठ | शैलेन्द्र श्रेष्ठ |

वागीश्वरी मा.वि. S.L.C. २०४४ (सुनौलो ग्रुप)

# पञ्चायती व्यवस्था अन्त्यमा जनआन्दोलनको महत्त्वपूर्ण भूमिका

काठमाडौँ, २५ चैत । निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य या बहुदलीय व्यवस्था पुनर्स्थापना भएको दिन हो चैत २६ । संयुक्त वाममोर्चा र नेकाको आयोजनामा २०४६ फागुन ७ गतेदेखि सुरू भएको उक्त संयुक्त आन्दोलन चरमोत्कर्षमा पुगेर चैत २६ गते सफल भएको थियो । सोही दिन राति बहुदलीय व्यवस्था पुनर्स्थापना गरी राजनीतिक दल खोल्न पाउने व्यवस्था भएको थियो । राजनीतिक र मौलिक अधिकार प्राप्तिको निम्ति त्यो आन्दोलन सफल भएको बेला सन्दर्भ जोडेर 'जनआन्दोलन' दिवस पनि मनाइएको थियो ।

संयुक्त जनआन्दोलन सफल पार्ने काममा नेमकिपाको पनि उल्लेखनीय देन थियो । संयुक्त जनआन्दोलनको दोस्रो दिन नै भक्तपुरका चार जना युवाले वीरगति प्राप्त गरेका थिए । नेपाल बन्द सफल पार्न आयोजित शान्तिपूर्ण जुलुसमा पञ्चायती शासकहरूको इसारामा प्रहरीले गोली चलाएको थियो ।

तर, आन्दोलन दबिएन बरू झन् अघि बढ्यो । जनआन्दोलन देशव्यापी फैलियो । अब आन्दोलन सफल हुने भयो भन्ने सन्देश पनि देशभरि फैलियो । आन्दोलनमा किसान, मजदुर, विद्यार्थी, युवा, शिक्षक, महिलाले मात्र होइन चिकित्सक, इन्जिनियर, वकिल, साहित्यकार, कलाकार, बुद्धिजीवी, पाइलट, कर्मचारी, प्राध्यापक सबैले साथ र समर्थन गरे र ऐक्यबद्धता जनाए । यसरी आन्दोलन चरमोत्कर्षमा पुगेपछि बाध्य भएर पञ्चायती शासकहरू झुके र बहुदलीय व्यवस्था घोषणा गर्न बाध्य भए । देशमा गणतन्त्र स्थापना हुनुमा २०४६ सालको ऐतिहासिक जनआन्दोलनको पनि महत्त्वपूर्ण योगदान रहेको कुरा देशभक्त जनताले भुल्नु हुँदैन । दल खोलेर खुला राजनीतिक गतिविधि गर्न पाएपछि पञ्चायती शासकहरू कमजोर हुँदै गए ।

कम्युनिस्टहरूको अन्तिम उद्देश्य बहुदल स्थापना होइन । उनीहरू देशमा आमूल परिवर्तन चाहन्छन् । आमूल परिवर्तन ल्याउन कम्युनिस्टहरूले प्राप्त अधिकारलाई उपयोग गर्दै समाजवादी प्रचार अभियानमा लागे । नेपाल मजदुर किसान पार्टी स्थापनाकालदेखि नै निरङ्कुश पञ्चायती व्यवस्थाको विरोधमा थियो । पञ्चायती व्यवस्था अन्त्य भएपछि नेमकिपा पुँजीवादी व्यवस्था अन्त्य गर्न समाजवादी प्रचार अभियानमा लागेको हो; नेमकिपा अहिले पनि समाजवादी प्रचार अभियानमा छ ।

बहुदलीय व्यवस्था र गणतन्त्र स्थापना भएसँगै देशका कति कम्युनिस्ट पार्टीहरू आमूल परिवर्तनको बाटो छोडी पुँजीवादी बाटोमा लागे । पुँजीवादी व्यवस्थामा रहेर देशमा समाजवाद ल्याउने भ्रम आफूलाई कम्युनिस्ट भनिने ठुला दलका नेताहरूले छरिरहेका छन् । कम्युनिस्ट भनिने शासक दलका नेताहरूमा रहेको यो भ्रम अन्त्य हुनुपर्छ । श्रमजीवी वर्गको प्रतिनिधित्व गर्ने कम्युनिस्टहरूको शासन पुँजीवादी व्यवस्थाबाट सम्भव छैन । समाजवादी व्यवस्था यसको विकल्प हो । यो व्यवस्था वर्गसङ्घर्षबाट मात्र सम्भव हुन्छ ।

# न्यायाधीशको परीक्षामा न्यूनतम ४० अङ्क कायम गर्ने सहमति

काठमाडौँ, २५ चैत । न्याय सेवा आयोगले जिल्ला न्यायाधीशका लागि लिइने परीक्षामा न्यूनतम उत्तीर्ण अङ्क ४० प्रतिशत कायम गर्ने विषयमा सहमति भएको जनाएको छ ।

प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिमा 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक' माथि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित विषयमा दफावार छलफल हुँदा उक्त सहमति भएको हो ।

न्याय सेवा आयोगले जिल्ला न्यायाधीशका लागि न्यूनतम ५० प्रतिशत अङ्क ल्याउनुपर्ने यसअघिको प्रावधान रहँदा धेरै विद्यार्थी अनुत्तीर्ण भएको हुँदा केही परिमार्जन गरेर जानुपर्ने विषयमा सहमति भएको हो । आयोगले यसअघि लिएको परीक्षामा एकजना मात्र उत्तीर्ण हुनुभएको थियो ।

कानुन, न्याय तथा संसदीय ममिलामन्त्री पदम गिरीले परीक्षामा अधिकतम नम्बर ल्याउने नै प्रतिस्पर्धामा आउने भएको हुँदा न्यूनतम अङ्क ४० प्रतिशत राख्दा उपयुक्त हुने धारणा राख्नुभएको थियो । उक्त विषयमा समितिमा वृहत छलफल भएर सहमति भएको हो ।

जिल्ला न्यायाधीशको परीक्षामा असाध्यै न्यून विद्यार्थी उत्तीर्ण भएपछि न्याय परिषद् सचिवको अध्यक्षतामा गठित पाठचक्रम परिमार्जन समिति बनेको थियो । उक्त विज्ञसहितको समूहले पाठचक्रम परिमार्जन गरी न्याय सेवा आयोगलाई बुझाएर अनुमोदनसमेत भइसकेको छ ।

***ल्याटिन...***

सामाजिक सञ्जाल एक्समा साझा गरिएको एक कथनमा, ल्याटिन अमेरिकी सङ्गठनले घोषणा गर्‍यो कि 'मेक्सिकन दूतावासमा सैन्य बलहरूद्वारा आक्रमण, साथै पूर्वउपराष्ट्रपति जर्ज ग्लासको अपहरण, राजनीतिक शरणको अधिकारमार्फत मेक्सिकन दूतावासमा कानुनीरूपमा सुरक्षा गर्नुपर्नेमा त्यसको उल्लङ्घन, मेक्सिकाली कूटनीतिक कर्मचारीहरू माथिको दुर्व्यवहार, अन्तर्राष्ट्रिय कानुनको गम्भीर र अभूतपूर्व उल्लङ्घन हो ।

दस्ताबेजमा यो पनि भनिएको छ कि यी गैरकानुनी कार्यहरूले कूटनीतिक सम्बन्धमा भियना महासन्धि, शरणको अधिकार र मेक्सिकोको सार्वभौमिकताको महासन्धिको स्पष्ट उल्लङ्घन हो, जसलाई विश्वभरका सभ्य देशहरूले अस्वीकार गर्नुपर्छ ।

**निकारागुआले औपचारिकरूपमा इक्वेडोरसँग कूटनीतिक सम्बन्ध तोड्यो**

दक्षिण अमेरिकी देश इक्वेडरको पुलिसले क्विटोमा रहेको मेक्सिकन दूतावासमा आक्रमण गरेपछि शनिबार निकारागुआ अधिकारीहरूले एक विज्ञप्तिमार्फत निकारागुआले इक्वेडोरसँगको आफ्नो सबै कूटनीतिक सम्बन्ध तोडेको छ ।

"आज बिहान क्विटोमा गरिएको असामान्य र निन्दनीय कारबाहीलाई ध्यानमा राख्दै, इक्वेडोरका नागरिकहरू र उनीहरूको जीवनको व्यवस्था र सुरक्षाको रक्षा गर्ने सेनाहरूद्वारा, हाम्रो बलियो, बलियो र अपरिवर्तनीय अस्वीकृति, जसलाई हामी इक्वेडोर सरकारसँगको सबै कूटनीतिक सम्बन्ध तोड्ने हाम्रो सार्वभौम निर्णयमा परिणत गर्छौं", दस्ताबेजमा स्पष्ट पारिएको छ ।

"निकारागुआ सधैँ स्वतन्त्र मेलमिलाप र राष्ट्रिय एकताको सरकार, इक्वेडोर सरकारको नव-फासीवादी राजनीतिक बर्बरताको पूर्ण अस्वीकृति र निन्दा गर्दछ, जसका प्रशंसनीय मानिसहरू सधैँ जस्तै हाम्रो सबै माया, समर्थन र हकदार छन्", निकारागुआको विज्ञप्तिमा भनिएको छ ।

निकारागुआ सरकारले 'अन्तर्राष्ट्रिय कानुनको यो स्पष्ट उल्लङ्घनलाई भ्रष्ट र कठपुतली शासकहरूले साम्राज्यवादलाई खुसी पार्न दोहोर्‍याएको देख्छौँ, जसले दुर्भाग्यवश त्यो भ्रातृ देशमा संस्थागत पदहरू ओगटेको छ' भनेको छ ।

साथै, दस्ताबेजले लन्डनमा आफ्नै दूतावासमा भएको आक्रमणमा इक्वेडरका पूर्वराष्ट्रपति लेनिन मोरेनोको संलग्नतालाई सम्झेको छ, "विश्वले रिहा गर्न माग गरेको पत्रकार जुलियन असान्जलाई हिंस्रक, अत्याचारपूर्ण र गैरकानुनीरूपमा निकाल्न र जसको कामले हामीलाई साम्राज्यवादीलाई जान्न र फैलाउन अनुमति दिएको थियो ।"

***जनताको....***

सन्तुलित विकास गरी काठमाडौँ उपत्यकामा बसाइँसराइ रोक लगाउनुपर्ने, १ अर्ब रूपैयाँले यहाँको खानेपानी स्रोत परिचालन हुने बताउनुभयो ।

विदेशीले लेखेको 'कुकुल्यान्ड' पुस्तकमा उद्योगी व्यापारी अजय सुमार्गीमार्फत एनसेल भ्रष्टाचारमा नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालसमेत मुछिएको विषय सांसद सुवालले उल्लेख गर्नुभयो ।

चाँगुनारायण नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष गणेश त्यातको सभापतित्वमा सम्पन्न कार्यक्रममा चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्री, कार्यपालिका सदस्य कमला भारती, वडा सदस्य एवम् प्रतियोगिता संयोजक रवीन बासुकला, निर्णायक समितिका संयोजक प्रकाश तजले, हरिसुन्दर छुकांलगायतले पुर्खाले सिर्जना गरेका कला संस्कृति संरक्षण र जगेर्नामा नयाँ पुस्ता लाग्नुपर्ने बताउनुभयो ।

चाँगुनारायण नगरपालिका वडा नं. ९ का ९ धिमे बाजा समूहको सहभागिता रहेको उक्त प्रतियोगितामा ताथली धिमे खल प्रथम, खगां दाफा भजन खल द्वितीय, माझी भैरव सांस्कृतिक बाजा खल तृतीय भए । देवी सांस्कृतिक बाजा खल, ब्रह्मायणी धिमे खल, तैकाबु गणेश सांस्कृतिक समूह, बनदेवी बाजा खल, फैढोका धिमे खल र आजु धिमे खल सहभागी भएका थिए । सहभागी सबै धिमे खललाई एक एक ओटा धिमे प्रदान गरिएको थियो ।


## हार्दिक समवेदना



जन्म: 2003/१०/१२
निधन: २०८०/१२/१०

भक्तपुर जिल्ला भ.न.पा. वडा नं. ८ जेलाँ टोल बस्ने यस संस्थाका सदस्यता नं. **१४४७** का सदस्य **मथुरी फेलु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## हार्दिक समवेदना



**मिश्री बासी**

**जन्म : १९९७/१०/१३ स्वर्गारोहण : २०८०/१२/२३**

लायन्स क्लब अफ भक्तपुर सूर्यविनायकका सदस्य लायन रामप्रसाद बासीकी ममतामयी माता **मिश्री बासी**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**लायन विष्णुभक्त मारिखु**
**प्रेसिडेन्ट**
**लायन्स क्लब अफ भक्तपुर सूर्यविनायक परिवार**
**तथा**
**भक्तपुर लायन्स सेवा समन्वय समिति परिवार**

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक श्रद्धाञ्जली



जगतलाल जाकिबन्जार

**जन्म : वि.सं. १९९८ मङ्सिर १६ गते    निधन : २०८० चैत २० गते**

यस विद्यालयमा अध्यापनरत शिक्षक चण्डेश्वरी जाकिबन्जारका पूजनीय पिता **जगतलाल जाकिबन्जार**को असामयिक निधन भएकोमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा आत्मीय समवेदना व्यक्त गर्दछौं ।


**वागीश्वरी मा.वि./कलेज परिवार**
च्याम्हासिंह-९, भक्तपुर


प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु ★ सम्पादक : विष्णुगोपाल कुसी ★ कार्यालय : कमलविनायक, भक्तपुर ★ फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७ ★ E-mail: majdurdaily@gmail.com ★ मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा

## खण्ड-४

# संरा अमेरिकी प्रशासनका अधिनायकवादी अभ्यासहरू

वास्तवमा संरा अमेरिकामा केही सामाजिक समूहको बेरोजगारीका प्रमुख कारणमध्ये आन्तरिक नीतिमा भएका खोटहरू र प्रविधिमा भएको विकास तथा आर्थिक पुनर्संरचनाको पृष्ठभूमिमा आवश्यक पुनर्वितरण र पुन: रोजगारी प्रणालीका अभाव हुन् । इन्डियाना राज्य (State of Indiana) को राज्य विश्वविद्यालयको एक अध्ययनअनुसार संरा अमेरिकामा सन् २००० देखि २०१० सम्म कुल ५६ लाख गुमेको रोजगारीको ८८ प्रतिशत उत्पादन (Manufacturing) को कारण उत्पादकत्व वृद्धि हो । सम्पूर्ण उत्पादनका कारकहरू प्रवाहमा बग्ने बजार अर्थतन्त्रमा कुनै पनि रोजगारी सदाको लागि अमर हुनसक्दैन । संरा अमेरिकाको तुलनात्मक फाइदाको विकासले विभिन्न उद्योगमा रोजगारी सृजनामा फरक-फरक प्रभाव पार्‍यो । आर्थिक विकास र संरचनागत पुन: संरचनाको समयमा केही परम्परागत उद्योगहरूमा रोजगारी कम हुनु सामान्य घटना हो । संरा अमेरिकी सरकारले सम्पूर्ण दिशामा आर्थिक संरचनागत पुन: संरचनाका प्रणाली अपनाउनुपर्थ्यो । उदीयमान उद्योगहरूमा बेरोजगारहरूले रोजगारीका निम्ति सक्रिय र प्रभावकारी उपाय अवलम्बन गर्नुपर्थ्यो । तर, आफ्नो परम्परागत वितरण प्रणाली र निहित स्वार्थमा अल्झेर संरा अमेरिकी सरकारले समयमै उचित पुनर्वितरण तथा पुन: रोजगारी प्रणाली स्थापना गर्न चुक्यो । यसको परिणामस्वरूप केही सामाजिक समूहले लामो समय बेरोजगारी कहर सहनुपर्‍यो । यसले राजनैतिक लोकप्रियतावाद (Populism) र अलगवाद (Isolation-ism) को लागि मलजल गर्‍यो ।




आफ्नो आन्तरिक बेरोजगारी समस्याको दोष अन्तर्राष्ट्रिय व्यापार निर्यात गर्ने मुलुकमाथि थोपर्ने संरा अमेरिकी प्रशासनको कोसिसलाई तथ्यले अस्वीकार गर्छ । यसको उद्देश्य आन्तरिक राजनैतिक समस्याबाट जनताको ध्यान अन्यत्र मोड्नु हो । गहिरोसँग जरा गाडेको आफ्नो संरचनागत समस्यालाई सही समाधान नगरिकन विकल्पमा संरक्षणवादको प्रयोग गरी उत्पादन क्षेत्रलाई पुन: प्राप्ति गर्ने संरा अमेरिकी प्रयास पूर्णत: प्रत्युत्पादक कदम हो । यो आफ्नो समस्याको समाधानको निम्ति छिमेकी मित्रराष्ट्रको हितविपरीतको कार्य (Beggar Thy Neighbor) र हार-हार (Lose-Lose) उपाय अर्थतन्त्रका नियमहरूको विरुद्ध जान्छ । विश्व अर्थतन्त्रको प्रभावकारितालाई कम गर्छ र विश्वभरिका मुलुकबाट विरोधको उभार ल्याउँछ । संरा अमेरिकाले अरूलाई जति क्षति पुर्‍याउँछ आफूले पनि उति नै क्षति व्यहोर्नुपर्ने हुन्छ ।

**५. संरा अमेरिकी प्रशासनले आफ्नै प्रतिबद्धताहरूको उल्लङ्घन गर्दै छ**


आधुनिक समयको आगमनदेखि नै नियम र करारप्रतिको सम्मान, बजार अर्थतन्त्र तथा अन्तर्राष्ट्रिय व्यवस्था (Order) को जगको रूपमा रहेको छ र यसैले फरक व्यक्ति, समूह तथा देशबिचको सहकार्य सम्भव बनायो जसले सभ्य मानव समाजको चरित्र परिभाषित गर्छ । हालको संरा अमेरिकी प्रशासनले अन्तर्राष्ट्रिय सम्बन्धलाई निर्देश गर्ने विश्वव्यापी मान्यता प्राप्त र व्यापकरूपमा रहेको अभ्याससामु आफ्नो पिठ्युँ फर्काएको छ; आफ्नै प्रतिबद्धताहरू पनि निरन्तर उल्लङ्घन गरेको छ र अन्तर्राष्ट्रिय सम्बन्धमा संरा अमेरिकी अवसरवादविरुद्ध अन्तर्राष्ट्रिय समुदायद्वारा व्यापकरूपमा चुनौती र आलोचना गरेको छ । तत्कालको स्वार्थ पूर्तिका निम्ति संरा अमेरिकाको साँघुरो दृष्टिकोणका कारण उसको अन्तर्राष्ट्रिय विश्वसनियतामा ह्रास आएको छ । यसले उसको अन्तर्राष्ट्रिय अडान (Standing) लाई कमजोर बनाउनेछ । उसको रणनीतिक उद्देश्यलाई आघात पुर्‍याउनेछ ।

अन्तर्राष्ट्रिय महत्त्व (Sanctity) लाई संरा अमेरिकी प्रशासनले कुनै सम्मान गर्दैन र विश्व शासन व्यवस्थालाई दखल गर्छ । एउटा देशले सरकारको परिवर्तन नै भए तापनि आफ्ना प्रतिबद्धता र सम्झौताहरू पालना गर्नुपर्छ । एउटा देशको विश्वसनियताका लागि यो अनिवार्य हुन्छ । बहुपक्षीय व्यापारका समस्या र मुलुकहरूबिचको मतभेदलाई अतिरञ्जित गर्दै अहिलेको संरा अमेरिकी प्रशासन अन्तर्राष्ट्रिय व्यवस्था (Order) को पालना गर्न मूल्य चुकाउन चाहँदैन र अन्तर्राष्ट्रिय नियमहरू आफू अनुकूल मात्र व्यवहारमा लागु गर्छ । यसले UNESCO र UNHRC जस्ता अन्तर्राष्ट्रिय सङ्गठनबाट आफूलाई अलग्याएको छ । यस अगाडिको अमेरिकी प्रशासनको लामो प्रयासबाट निष्कर्षमा पुगेको TPP र पेरिस समझदारीबाट हात झिकेको छ, उत्तर अमेरिकी स्वतन्त्र व्यापार सम्झौता (NAFTA) र संरा अमेरिका - कोरिया स्वतन्त्र व्यापार सम्झौतामा पुन: छलफलको माग गरेको छ ।

संयुक्त राष्ट्र सङ्घ (UN), विश्व बैङ्क (WB), अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) र भन्सार तथा व्यापारबारे साधारण सम्झौता (GATT) को स्थापनासँगै यिनीहरूमा भएका निरन्तर सुधारद्वारा नै विश्व राजनीति तथा आर्थिक शासन प्रणाली निर्माण भएको छ । महत्त्वपूर्ण बहुपक्षीय व्यापार सहकार्यका निम्ति १६० सदस्य राष्ट्र भएको विश्व व्यापार सङ्गठन अत्यावश्यक छ र विश्वभर यसलाई सम्मान एवम् मान्यता दिइएको छ । तथापि, संरा अमेरिका विश्व व्यापार सङ्गठनका नियमहरू बारम्बार उल्लङ्घन गर्छ । विश्व व्यापार सङ्गठनका सदस्य मुलुकहरूले विवाद समाधान अङ्ग (DSB) को निर्देशनबमोजिम संरा अमेरिकाले कार्य नगरेको भन्दै भन्सार छुटको आवेदन स्थगित गर्न अथवा स्थगित भन्सार छुट कडाइका निम्ति धेरै पटक आग्रह गरे । सन् १९९५ देखि २०१५ सम्ममा दर्ता भएका यस्ता आग्रहमा संरा अमेरिकाको विरुद्धमात्र दुईतिहाइ छ ।

संरा अमेरिकाको यस्तो कार्यले अन्तर्राष्ट्रिय सम्झौताको उल्लङ्घन भएको छ र व्यापार सहकर्मीको अपमान भएको छ । एक देशको रूपमा विश्वसनियता गुमाएको छ । विश्व आर्थिक मञ्चले सार्वजनिक गरेको 'विश्व जोखिम प्रतिवेदन २०१८ (Global Risk Report 2018)' का अनुसार संरा अमेरिकाले बहुपक्षीयता कमजोर बनाएको छ र यसले विश्व व्यापार सङ्गठनको न्यायिक (Appellate) अङ्गमा नियुक्तिहरूलाई निषेधका कारण २०१८ मा जोखिम उच्च हुनेछ ।

संरा अमेरिकी प्रशासनले व्यापार सञ्चालनमा प्रत्यक्ष हस्तक्षेप गरी बजार संयन्त्रलाई कमजोर बनायो । हालको संरा अमेरिकी प्रशासनले बजारका प्रमुख खेलाडीहरूसँग प्रत्यक्ष हस्तक्षेप गर्न समय-समयमा आफ्नो दायरा उल्लङ्घन गर्‍यो । उदाहरणको लागि बजारको नियम जस्तोसुकै भए पनि उसले एपल र अन्य अमेरिकी कम्पनीलाई विदेशबाट आफ्ना कारखाना अमेरिकामै फिर्ता ल्याउन निर्देशन गर्‍यो । विदेशमा लगानी गर्ने अमेरिकी कम्पनीहरूलाई प्रशासनले तर्साउने र बाधा व्यवधान पुर्‍याउने कार्य गर्‍यो । उदाहरणको लागि सन् २०१७ जनवरी ३ को दिन जेनरल मोटर्सलाई मेक्सिकोमा सेभ्रोटश क्रुज मोडेल निर्माणमा निरन्तरता दिए भारी भन्सार दर लगाउने धम्की दियो । सन् २०१८ जुलाई ३ का दिन हार्ले डेभिड्सनलाई आफ्नो निर्माणको अंश संरा अमेरिकाबाट बाहिर नलान धम्की दिएको थियो । विभिन्न बहानामा साधारण मर्जर समझदारीहरूमा प्रशासनको अनुगमनमा कडाइ गरिएसँगै अमेरिकी कम्पनीका प्रमुखहरूको नाम सामाजिक सञ्जालमार्फत बदनाम गरियो ।




*स्रोत – संरा अमेरिकी वाणिज्य विभागको आर्थिक विश्लेषण ब्युरो र श्रम विभाग*

**रेखाचित्र १२ – चीनबाट संरा अमेरिकामा सामान आयात र संरा अमेरिकामा बेरोजगारी**

संरा अमेरिकी प्रशासनले निरन्तररूपमा दुईपक्षीय व्यापार वार्तामा आफूले गरेका प्रतिबद्धताबाट पछि हट्ने र लत्याउने काम गर्‍यो एवम् चीनले स्थिर चीन-अमेरिका सम्बन्धबाट ठूलो भन्डार जम्मा गर्‍यो । चीनले संरा अमेरिकी व्यापारसम्बन्धी चासोलाई सक्रिय सम्बोधन गर्‍यो, विशेषगरी सन् २०१७ पछि । विमतिहरू साँघुरो पार्दै समस्या सुल्झाउने उद्देश्यसहित संरा अमेरिकाको कडा आग्रहलाई स्वीकार गर्दै चीन-संरा अमेरिकी प्रशासनसँग थुप्रै चरणमा उच्च इमानदारी र धैर्यका साथ वार्ताहरूमा बस्यो । संरा अमेरिकाको कडा आग्रहलाई स्वीकार गर्दै सन् २०१८ को फेब्रुअरी मसान्तदेखि मार्चको पहिलो हप्तातिर संरा अमेरिकासँग व्यापार वार्ताका लागि चीनले प्रतिनिधि पठायो । तथापि अप्रिल ३ का दिन संरा अमेरिकाले ५० अर्ब डलर बराबरको चिनियाँ सामग्री निर्यातमा २५ प्रतिशतको भन्सार दर लागु गर्‍यो । संरा अमेरिका निरन्तर आफ्ना प्रतिबद्धताबाट पछि हट्ने र माग बढाउँदै लगे पनि चीनले वार्तामार्फत नै समस्याको समाधान खोज्न प्रयास गरिरह्यो र मे महिनाको सुरुआतमा संरा अमेरिकाबाट आएका प्रतिनिधिसँग चीन वार्तामा बस्यो । संरा अमेरिकाको आग्रहमा, मे १५ देखि १९ सम्म चीनले अर्को चरणका लागि वार्ता गर्न प्रतिनिधि संरा अमेरिका पठायो । प्रतिनिधिहरूले संरा अमेरिकी चासोलाई सक्रियतापूर्वक सम्बोधन गरे । दुवै पक्षको अथक प्रयासका कारण मे १९ का दिन 'व्यापार युद्ध नलड्ने' सहमतिमा पुग्ने संयुक्त विज्ञप्ति निकाल्न सफल भयो । तथापि, यसको ठीक १० दिनपछि सहमतिपत्रमा हस्ताक्षर गरेको मसी सुक्न नपाउँदै संरा अमेरिकाले त्यो सहमतिपत्र च्यात्यो र व्यापार युद्ध नलड्ने आफ्नो प्रतिबद्धता तोड्यो । उसले विश्व व्यापार सङ्गठनको विवाद समाधान प्रणाली लत्याउँदै चिनियाँ आयातमा ठूलो परिमाणको भन्सार दर घोषणा गर्‍यो र नयाँ चरणको सङ्घर्षको एकतर्फीरूपमा सुरुआत गर्‍यो ।

**बक्स ७ : संरा अमेरिकाले चीनसँग २०१८ मे १९ का दिन गरेको संयुक्त व्यापार परामर्श वक्तव्य च्यातिसकेको छ ।**

सन् २०१८ मे १९ का दिन संरा अमेरिका र चीनबिच वासिङटन डीसीमा व्यापार परामर्शबारे संयुक्त वक्तव्य जारी भएको थियो ।

सो वक्तव्यमा संरा अमेरिकाको चीनसँगको व्यापार घाटालाई उल्लेखनीयरूपमा घटाउने सहमति भएको थियो । चिनियाँ जनताको उपभोगका लागि बढेको माग र उच्चस्तरीय आर्थिक विकासको लागि चीनले संरा अमेरिकी वस्तु तथा सेवाको खरिदलाई बढाउनेछ । यसले संरा अमेरिकाको आर्थिक वृद्धिलाई मद्दत गर्नुका साथै बेरोजगारी समस्या समाधान गर्न सहयोग पुर्‍याउनेछ ।

संरा अमेरिकी कृषिजन्य तथा ऊर्जासम्बन्धी आयातलाई बढाउने विषयमा पनि सहमति भएको थियो । संरा अमेरिकाले यो विषयमा विस्तृत अध्ययन गर्न चीनमा टोली पठाउनेछ । बैठकका सहभागीहरूले उत्पादित सामग्री तथा सेवाको व्यापार विस्तारको लागि पनि छलफल गरेका थिए । यी क्षेत्रहरूमा अनुकूल वातावरण सृजना गर्नेबारेमा सहमति भएको थियो । दुवै पक्षले बौद्धिक सम्पत्ति सुरक्षण र आपसी सहकार्यको विषयलाई उच्च प्राथमिकता दिएका थिए । चीनले सो विषयका कानुन तथा नियमावलीहरू विशेषगरी पेटेन्ट कानुनमा आवश्यक संशोधन गर्ने सहमति गरेका थिए । दुवै पक्षले दुईपक्षीय लगानीलाई बढावा दिने तथा व्यापारिक प्रतिस्पर्धाको लागि उचित तथा निष्पक्ष तरिकाको वातावरण बनाउने कुरामा सहमत भएका थिए । यी विषयहरूलाई उच्च महत्त्व दिने तथा आर्थिक तथा व्यापारिक विषयमा सक्रिय भूमिका निर्वाह गर्ने सहमति जनाएका थिए ।

यसको ठीक १० दिनपछि अर्थात् मे २९ मै ह्वाइट हाउसले चीनबाट निर्यात हुने ५० अर्ब बराबरको सामानमा थप भन्सार लगाउने र चीनको लगानीमा समेत प्रतिबन्ध लगाउने र चीनमा हुने आयातमा नियन्त्रण गर्ने निर्णय गर्‍यो । यो मे १९ को दुईपक्षीय निर्णयको स्पष्ट उल्लङ्घन हो ।

***The Facts and China's Position on China - US Trade Friction***
***September 2018***

***अनुवाद : हौसला***

***स्रोत : चीन-संरा अमेरिका व्यापार युद्धबारे चीनको श्वेतपत्र***